# महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन
## आर्थिक वर्ष - २०८१/८२

## देवघाट गाउँपालिका, तनहुँ
८०४३८५०४३००
तनहुँ

 https://nams.oag.gov.np

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं


प.सं.:२०८२/८३ मिति : २०८२-१०-२
च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,
देवघाट गाउँपालिका, तनहुँ ,
तनहुँ

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०८१।८२ को एकीकृत वित्तीय विवरण तथा सोसँग सम्बन्धित अनुसूची, टिप्पणीहरू तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८२।८।१८ मा छलफल पश्चात् तयार गरिएको पाना ४४ को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ।
कार्यालयबाट पेस भएको वित्तीय विवरणप्रतिको उत्तरदायित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो। लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम वित्तीय विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो। प्रतिवेदनमा उल्लिखित बेहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फर्स्यौट गरी सम्परीक्षण गराउनु हुनेछ। उक्त समयभित्र फर्स्यौट गरी सम्परीक्षण नगराएमा ऐनको दफा ३७(४) बमोजिम लेखाउत्तदायी अधिकृत/कार्यपालिका प्रमुखलाई जानकारी गराइने बेहोरा निर्देशानुसार अनुरोध गर्दछु।

बैभवदीप श्रेष्ठ
निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं - प्रतिवेदन संलग्न छ ।, info@mofaga.gov.np
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, तनहुँ - प्रतिवेदन संलग्न छ ।, tanahun.dtco@fcgo.gov.np
श्री प्रदेश लेखा इकाई कार्यालय, तनहुँ - प्रतिवेदन संलग्न छ।, tanahun.dtco@fcgo.gov.np

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा ५ वडा रहेको छ भने क्षेत्रफल १५९ वर्ग किलोमिटर तथा १६ हजार १३१ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।८।१५ देखि २०८२।८।१७ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको विनियोजन, राजस्व, धरौटी, अन्य कारोबार, आय-व्ययको गरी जम्मा रु.१,०६,८८,९८,४९८।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ ।

**(ज) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.८६९६२।- असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | विवरण | रकम |
|---|---|---|
| १ | शशिकला ढकालको ग्रेड बढी भुक्तानी | ३२८८७ |
| २ | प्रमुख प्रशासकीय अधिकृतको भ्रमण खर्च बढी भुक्तानी | ८००० |
| ३ | न्यायिक समितिको बैठक भत्ता बढी भुक्तानी | १२०० |
| ४ | ब्याग खरिदमा बिल भन्दा बढी भुक्तानी | ३०००० |
| ५ | नर्म्सभन्दा बढी दरको बैठक भत्ता | १४८७५ |
| | जम्मा | ८६९६२ |

२ **एकीकृत आय-व्यय**

पालिकाको आर्थिक वर्ष २०८१।८२ को समग्र आर्थिक कारोबार समेटिने गरी तयार गरेको एकीकृत आर्थिक विवरणको संक्षिप्त अवस्था निम्नानुसार रहेको छः

| **प्राप्ति** | | **भुक्तानी** | |
|---|---|---|---|
| **१. सुरु मौज्दात** | **१०३८११९२१** | **१. चालु खर्च** | **२९०३४११६९** |
| १.संचित कोष | ७१४८३०९१ | **२. पुँजीगत खर्च** | **११५२५७१२२** |
| २.धरौटी | १९६९२८५९ | **३. अन्तर सरकारी अख्तियारी (संघ)** | **११४७८८९०२** |
| ३.प्रकोप व्यवस्थापन | ४५४१६७३ | क) सामाजिक सुरक्षा | ८२२८९२३४ |
| ४. विविध खर्चखाता | ५०७८८१४ | ख) स्थानीय तह प्रशासनिक भवन निर्माण | १४००००० |
| ४. विविध कोषखाता | ३०१५४८४ | ग) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३१०९९६६८ |
| **२.आन्तरिक आय** | **१५१०२४८०** | **३. धरौटी फिर्ता तथा सदर स्याहा** | **१८४५८७८१** |
| **३. वित्तीय हस्तान्तरण (संघ)** | **३५१४७५३८७** | **४. कार्यसञ्चालन कोषबाट भएको खर्च** | **६५४६५८२** |
| क) समानीकरण अनुदान | ७१८४८०८० | **५. अन्तिम मौज्दात** | **८१९२५३०९** |
| ख) राजस्व बाँडफाँट | ७३५४५८३८ | क) संचित कोषको मौज्दात | ५७३८६०६८ |
| ग) सशर्त अनुदान | २००४८४३८१ | ख) धरौटी | १२९३०१०६ |
| घ) समपुरक अनुदान | १७९७५४६ | ग) विविध खर्च खाता | ८४६०६५१ |
| ङ) विशेष अनुदान | ३७९९५४२ | घ) विविध कोष खाता | ३१४८४८५ |
| **४. वित्तीय हस्तान्तरण (प्रदेश)** | **१९२२१९२९** | | |
| क) समानीकरण अनुदान | ९५३७००० | | |
| ख) राजस्व बाँडफाँट | ४८३७५९६ | | |

| | | | |
|---|---|---|---|
| ग) समपुरक अनुदान | ११११७५४ | | |
| घ) विशेष अनुदान | ३७३५५७९ | | |
| **५. अन्तर सरकारी अख्तियारी (संघ)** | **११४७८८९०२** | | |
| क) सामाजिक सुरक्षा | ८२२८९२३४ | | |
| ख) स्थानीय तह प्रशासनिक भवन निर्माण | १४००००० | | |
| ग) एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ३१०९९६६८ | | |
| **६. धरौटी आय** | **११६९६०२७** | | |
| **७. कार्यसञ्चालन कोष आय** | **९९२८४१८** | | |
| **८. विभाज्य कोष बाँडफाँड** | **१२९२८००** | | |
| **जम्मा** | ६२७३१७८६४ | **जम्मा** | ६२७३१७८६४ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

३ **वित्तीय प्रतिवेदन**

३.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ। पालिकाले २०७९।८।२० मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

**(विस्तृत विवरण बेरूजु दफा ३.१ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

३.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,२२,८९,२३४।-, स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रमको रु.१४,००,०००।- र एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.३,१०,९९,६६८।-, समेत गरी रु.११,४७,८८,९०२।- सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

४ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ। पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन। यस सम्बन्धमा देखिएका केही व्यहोराहरू देहायबमोजिम रहेका छन्:

**बजेट व्यवस्थापनतर्फ**

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेखांकन र व्यवस्थापन नगरेको,स्थानीय तहले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची ११ बमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन,
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार गर्नुपर्नेमा स्थानीय तहले सो बमोजिमको मध्यमकालिन खर्चको संरचना तयार नगरेको.
- दीगो विकास लक्ष्य पुरा गर्न वातावरण संरक्षण लगायत आन्तरिकिकरणको लागि एकीकृत दीर्घकालिन योजना तयार नगरेको,
- स्थानीय तहले कार्यक्रम संचालन जस्तैः बैठक भत्ता, तालिम, गोष्ठी गर्नको लागि कार्य संचालन निर्देशिका स्वीकृति गरी सोको पालना नगरेको,
- स्थानीय तहबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार नगरेको।

**भ्रमण खर्च व्यवस्थापनतर्फ**

- भ्रमण खर्च नियमावली, २०६४ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा भ्रमणअभिलेख व्यवस्थित नगरेको,
- नियमावलीमा उल्लेख भएबमोजिम भ्रमण पश्चात् भ्रमण प्रतिवेदन लिने नगरेको।

**खरिद व्यवस्थापन तर्फ**

- स्थानीय तहले सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको,
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार नगरेको,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरू उपभोक्ता समितिलाई हस्तान्तरण नगरेको,
- सञ्चालित योजनाहरूको उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण नगरेको,
- स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण नगरेको,
- स्थानीय तहले विगतमा परामर्शदाताबाट विस्तृत परियोजना प्रतिवेदन तयार गरेकोमा सोको कार्यान्वयन र अभिलेख राख्ने नगरेको,

**शिक्षातर्फ**

- स्थानीय तहले स्थानीय तह भित्रका विद्यालय अनुगमन गर्न अनुगमन मापदण्ड तयार गरेको तथा अनुगमन गरेको छैन,

- शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS):- कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा दिनुपर्ने कक्षागत विद्यार्थीहरूको यथार्थ तथ्याङ्कसँग सत्यापन गर्ने व्यवस्था कार्यान्वयन नभएको,
- शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं. (झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढुबाको लागी सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्याबधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरू तयार नगरेको।

**विविधतर्फ**

- मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ.टी.डि.एस. नगरेको,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको,
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित नगरेको,
- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तह तथा स्थानीय तहमा समाहित भएका साविक गाउँविकास समिति तथा नाममा रहेको पेस्की तथा बेरुजु अभिलेख समायोजन भएको स्थानीय तहमा कायमगरी नियमानुसार पेस्की फस्यौंट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा नगरेको
- निजी स्वामित्वमा रहेको जग्गामा सामुदायिक भवन, पार्किङ स्थल, निर्माण/स्तरोन्नतिमा नियन्त्रण नगरेको।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

५ **बजेट पेस, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेस गर्ने र यसरी पेस भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ। सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपाध्यक्षले मिति २०८१।३।१० मा रु.४७ करोड ७८ लाख ८८ हजारको बजेट सभा समक्ष पेस गरेकोमा सभाबाट मिति २०८१।३।२५ मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले मिति २०८१।४।१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ। समयमै अख्तियारी बजेट कार्यक्रम हुँदा समेत पुँजीगत बजेट ६७.७९ प्रतिशत मात्रै खर्च भएको अवस्था छ। आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| क्र.सं. | क्षेत्र/ उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | २४१५३९०० | १४९२२४७६ | ३.६८ |
| २ | सामाजिक विकास | २४९१३०५९६ | २२५४१३१९६ | ५५.५४ |
| ३ | पूर्वाधार विकास | ११४३६०००० | ८०५६५४२४ | १९.८५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १५२६००० | १३७९०७७ | ०.३४ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १११२२०२९९ | ८३६००५३० | २०.६० |
| | **कुल जम्मा** | **५००३९०७९५** | **४०५८८०७०३** | **१००.००** |

उपर्युक्त विवरण अनुसार पालिकाले गरेको कुल खर्चमध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५५.५४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा घटी ०.३४ प्रतिशत रहेको छ।

सैद्धान्तिक बेरुजु

७ **त्रैमासिक पूँजीगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

| बजेट उपशीर्षक | कुल खर्च | त्रैमासिक खर्च | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पुँजीगत खर्चतर्फ | ११५२५७ | २९०१ | ७२२५ | २९०९७ | ७६०३४ | ५६६८५ |
| प्रतिशत | १००.०० | २.५२ | ६.२७ | २५.२५ | ६५.९७ | ४९.१८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार वार्षिक रु.११ करोड ५२ लाख ५७ हजार पुँजीगत खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.२९ लाख १ हजार (२.५२ प्रतिशत), दोस्रो त्रैमासिकमा रु.७२ लाख २५ हजार (६.२७ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.२ करोड ९० लाख ९७ हजार (२५.२५ प्रतिशत) र चौथो त्रैमासिकमा रु.७ करोड ६० लाख ३४ हजार (६५.९७ प्रतिशत) खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु.५ करोड ६६ लाख ८५ हजार (४९.१८ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन। स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

८ **आय अनुमान**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले पेस गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१,५१,२१,५३०।६७ (दहत्तर बहत्तर बाहेक) प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८१।८२ मा रु.१,५१,०२,४८०।३९ अर्थात अनुमान भन्दा ०.१३ प्रतिशत घटी आय प्राप्त गरेको छ। आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

सैद्धान्तिक बेरुजु

## ९ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ। ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ९५०५२७ | ५९७९१९ | ६२.९० |
| घरजग्गा वहाल कर | ५९७६५३ | ११०५७३ | १८.५० |
| व्यवसाय कर | १९९९८७ | २१०० | १.०५ |

पालिका भित्र रहेका करदाताहरूको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## १० व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ। यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२,१००।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरूको अभिलेख अध्यावधिक गरेको छैन। जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

## ११ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७८ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ८६ योजनामा वजेट विनियोजन गरेको छ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २० लाख सम्मका योजना सङ्ख्या | रु.५लाखभन्दा कमका योजना सङ्ख्या |
|---|---|---|---|---|---|
| १ | पालिकास्तरीय | १५ | ० | ३ | १२ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | वडास्तरीय | ७१ | ० | १३ | ५८ |
| | जम्मा | ८६ | ० | १६ | ७० |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरू सञ्चालन गरेको देखिन्छ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा वृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१२ **वार्षिक खरिद योजना**

सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ मा वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ मा वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत यस वर्ष रु.११,५२,५७,१२१।५४ पुँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/ गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१३ **तलबी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३३ कर्मचारीको रु.२ करोड ११ लाख ९२ हजार र पालिकाका चालुतर्फ ३२ कर्मचारीको रु.१ करोड ८५ लाख गरी रु.३ करोड ९६ लाख ९२ हजार खर्च लेखेको छ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१४ **जनशक्ति व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ६५ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ६२ जनाको पदपूर्ती भई ३ पद रिक्त रहेका छन्।

सैद्धान्तिक बेरुजु

१५ **पदाधिकारी सुविधा**

गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुविधा पाउने व्यवस्था गरेको छ। यस पालिकाले आर्थिक वर्ष २०८१।८२ मा २८ जना पदाधिकारीहरूलाई पदाधिकारी सुविधामा रू.६१,०४,१३०।- र पदाधिकारी बैठक भत्तामा रु.१४,०५,०२५।–समेत रु.७५,०९,१५५।- खर्च लेखी

भुक्तानी गरेको विवरण प्राप्त भएको छ। कानुन बमोजिमको रकम दोहोरो नपर्ने गरी भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ।

सैद्धान्तिक बेरुजु

१६ **सेवा प्रवाह**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय तहको एकल काम कर्तव्य र अधिकार २२ वटा, संघ र प्रदेशको सहकार्यमा प्रयोग हुने साझा अधिकार ११ वटा र स्थानीय तहको अन्य काम कर्तव्य र अधिकार २ वटा समेत ३५ कार्यसूची तोकिएको छ। प्राप्त विवरण अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहको विवरण निम्नानुसार रहेको छः

| **विवरण** | **सिफारिस संख्या** |
|---|---|
| जन्मदर्ता | **२७४** |
| मृत्युदर्ता | **१३७** |
| बसाईसराई दर्ता | आउनेको दर्ता -२८,जानेको दर्ता-५५ |
| विवाह दर्ता | १३९ |
| सम्बन्धविच्छेद दर्ता | २४ |

आंशिक रुपमा प्राप्त विवरण माथिको तालिकामा उल्लेख छ। कार्यालयले सबै सेवाप्रवाह विवरणलाई अभिलेखीकरण गरी चुस्त दुरुस्त बनाउनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१७ **ठेक्का अभिलेख**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेस्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

१८ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा वोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ। पालिकाले वोलपत्र मार्फत प्रतिस्पर्धी निर्माण व्यवसायी छनौट गरी वार्षिक कार्यक्रम अनुसारका योजना कार्यान्वियन गर्दै आएको छ। यस्ता योजना लागत अनुमान भन्दा ३.५५ देखि ७४.०१ प्रतिशतसम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वियन गराएको पाइयो। लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ। यसबाट लागत अनुमान यर्थाथपरक नभएको कारण कतिपय ठेक्कामा लागत अनुमानको हाराहारीमा सम्झौता हुने र कतिपयमा अत्यन्त न्युन रकममा सम्झौता हुने गरेको छ। लागत अनुमान यर्थाथपरक हुनुपर्दछ।

| क्र.सं. | योजनाको नाम | स्वीकृत ल.ई.(भ्याट र कन्टीनजेन्सी सहित) | ठेक्का स्वीकृत रकम(भ्याट र कन्टीनजेन्सी सहित) | घटी प्रतिशत |
|---|---|---|---|---|
| १ | श्रीमहेश-संस्कृत-गुरुकुल-विद्यापिठ अनुसन्धान केन्द्रमा आवश्यक पूर्वाधार निर्माण | २९९९०६७.६३ | २१२९८०६.९० | २८.९८ |
| २ | देवघाटबेनिसंगम चक्रवर्ती हरदी पदमार्ग। (थिमुरा पुलदेखि बेनिसंगम खण्ड) देवघाट तनहुँमा | १९९९९४५०.६५ | १२२६८८९७.७९ | ३८.६५ |
| ३ | देवघाट तनहुँमा सौने फोस्रेपानी कर्तापि रोड नयाँट्र्याक र स्तरोन्नति | १९९९९६२५.६५ | ५१९७३०४.२५ | ७४.०१ |
| ४ | लेकस्वफा फिदिमस्वारा खानेपानी योजना देवघाट ३ तनहुँ | ३९९९५२०.२४ | ३८५७५२१.२४ | ३.५५ |
| ५ | छिछिप ई बजार को व्यवस्थापन wprks र Balkesh Ma.vi कोलागि संरक्षण कार्यहरू। देवघाट-३ तनहुँ | ४६९९९२३.२५ | ४११९९६४.४५ | १२.५१ |
| ६ | बगालेचोलका लागि Black शीर्ष वार्कहरू देखि सीता सामुदायिक वन पिकनिक खेलकुद सडक खण्ड देवघाटर ५ तनहुँमा | २९९९३७३.०२ | २८४६१८७.४३ | ५.११ |
| ७ | मधु कभर्ड हल निर्माण | ४९९६८५७.७१ | ३७२१३००.९९ | २५.५३ |
| ८ | प्राथमिक अस्पताल भवन (१० शैया) देवघाट निर्माण | १२८३३६०००.०० | ७७८५२७१८.५७ | ३९.३४ |
| ९ | घन्टार–देवघाट–देउपुर सडक स्तरोन्नतिको काम | ४८२९९३७९.०४ | ३७११२२५.९० | २३.१६ |
| १० | देवघाट-५ तनहुँमा झारखानी वाटर लिफ्टिङ काम | ९९९९९६३.०० | ७१०८९८१.४६ | २८.९१ |
| ११ | देवघाट बेनिसंगम-चक्रवर्ती-हर्दी पदमार्ग निर्माण | १५९९९९२५.२४ | १४१०४८३०.३८ | ११.८४ |

| | | | | |
|---|---|---|---|---|
| १२ | देवघाट गाउँपालिका वडा नम्बर १ कार्यालय भवन निर्माण | १२९९९९२३.०० | ९८२३९७०.०० | २४.४३ |

सैद्धान्तिक बेरुजु

१९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) बमोजिम स्वीकृत खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट रु.९ लाख ९१ हजार खाना खाजा लगायत विविध कार्यक्रममा खर्च गरेको छ। यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

२० **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ।

सैद्धान्तिक बेरुजु

२१ **कानुन निर्माण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरूले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। पालिकाले हालसम्म ३२ वटा ऐन, १९ वटा नियमावली, ४२ कार्यविधि, ८ निर्देशका लगायत १०९ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ।

सैद्धान्तिक बेरुजु

२२ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ५ र यो वर्ष थप भएको १७ गरी कुल २२ विवाद दर्ता भएकोमा १० वटा मात्र फस्यौंट भई ११ बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फस्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

२३ **सहकारी नियमन**

सहकारी ऐन २०७४ को दफा ७३ अनुसार मासिक चौमासिक वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली २०७५ को नियम २८(४) सहकारी संस्थाहरूको सुपरीवेक्षण निरीक्षण तथा अनुगमन निर्देशिका २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरणअनुसार पालिका भित्र १६ वटा सहकारी संस्था रहेका छन्। पालिका भित्रका सहकारी संस्थाहरूले एकीकृत सूचना व्यवस्थापन प्रणाली

(COPOMIS) मा सबै विवरण अद्याबधिक गर्न बाँकी देखियो। त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेस भएन। जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन। तसर्थ ऐन नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **सहकारी बचत तथा कर्जा सुरक्षण कोष**

सहकारी ऐन, २०७४ को परिच्छेद १७ दफा १०१ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले सहकारी संस्थाहरूको सहभागितामा संस्था हरूले परिचालन गर्ने बचत र प्रदान गर्ने कर्जा सुरक्षण व्यवस्थाको लागि एक सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गर्नुपर्ने व्यावस्था रहेको छ। पालिकाभित्रका सहकारीहरूको सहभागितामा सहकारी बचत तथा कर्जा सुरक्षण कोष खडा गरि नागरिकहरूको बचत र कर्जा प्रवाहलाई प्रभावकारी हुने गरि कार्य गरेको पाईएन। तसर्थ कानुनले निर्देशन गरेको व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **पेस्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेस्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेस्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ। पालिकाले वडा नं. ४ का वडा अध्यक्ष मित्रलाल गुरुङ्गलाई पदाधिकारी सुविधा वापत रु.२,००,०००।– पेस्की दिएको आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ। उक्त पेस्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| पेश्की | २,००,००० |
|---|---|

२६ **गाउँपालिकाको प्रशासकीय भवन निर्माण**

(ठेक्का नम्बर १५–०७६।७७) गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि मिति २०७७।३।२२ मा निर्माण व्यवसायी रविना/अविसा जे.भी., काठमान्डौसँग २०७९।३।१८ मा कार्यसम्पन्न गर्ने गरी रु.५,४१,४९,५८०। (संशोधित सम्झौता रु.५,११,०२,०८३। ) मा सम्झौता भएकोमा सम्झौतामा उल्लिखित मितिभन्दा २७ महिना व्यतित भए पश्चात २०८१।६।२० मा रु.५,०९,७२,०२४। को कार्य सम्पन्न भएको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार रहेका छन्:

२६.१ **मूल्य समायोजनः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५५(२) मा खरिद सम्झौता प्राप्त गर्ने व्यक्तिको ढिलाईको कारणबाट सम्झौता बमोजिमको काम सो सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेकोमा मूल्य समायोजन गर्न नसकिने उल्लेख छ। गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि मिति २०७७।३।२२ मा निर्माण व्यवसायी रविना/अविसा जे.भी., काठमान्डौसँग २०७९।३।१८ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा सम्झौतामा उल्लिखित मितिभन्दा २७ महिना व्यतित भए पश्चात २०८१।६।२० मा कार्य सम्पन्न भएको छ। गाउँ कार्यपालिकाको २०७९।३।१९ को निर्णय नम्बर २ बाट गाउँपालिकाको प्रशासकीय भवन निर्माणको कामको ठेक्का लिएको निर्माण व्यवसायीले कोरोना लगायतको कारण देखाई ९ महिनाको म्याद थपको लागि निवेदन दिएकोमा कोरोनाको कारणलाई आधार मानी गाउँपालिकाले कुनै थप दायित्व नव्यहोर्ने गरी तथा निर्माण व्यवसायीलाई पनि जरिवाना नलगाउने गरी ६ महिनाको म्याद थप गर्ने निर्णय भएको छ। गाउँ कार्यपालिकाको २०७९।८।२२ को निर्णय नम्बर १३ मा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि शुरुमै पर्याप्त समय राखिएको भएतापनि काममा ढिलाई भएको निज ठेकेदार पक्षको अनुरोधमा एक पटकको लागि विना जरिवाना ६ महिनाको लागि म्याद थप गरिएको भएता पनि निर्माण कार्य सम्पन्न भई नसकेकोले पुनः ३ महिना विना जरिवाना म्याद थप गर्ने र त्यसपछि पनि काम सम्पन्न नभएमा जरिवाना अनुसार पूर्वनिर्धारित क्षतिपूर्तिको समय शुरु हुने निर्णय गरेको छ। त्यस्तै २०८०।३।३१ को गाउँ कार्यपालिकाको निर्णय नम्बर ५(ख) अनुसार गाउँपालिका प्रशासकीय भवन निर्माणको ठेक्का लिएको रविना/अविशा जेभीलाई जरिवाना नलिई २०८०।८।१५ सम्म ठेक्का समय म्याद थप गर्ने र गाउँपालिकाबाट कुनै क्षतिपूर्ति तथा मूल्यवृद्धि नदिने निर्णय भएको छ। २०८१।७।२८ को कार्यपालिका निर्णयबाट अन्तिम पटक २०८१ फागुन मसान्तसम्म उक्त आयोजनाको म्याद थप गर्ने निर्णय भएको

छ। यसरी पटक पटक गाउँ कार्यपालिका बैठकको निर्णयबाट निर्माण व्यवसायीको ढिलाईको कारणबाट सम्झौता बमोजिमको काम उक्त सम्झौतामा उल्लिखित अवधिभित्र सम्पन्न नभई बढी समय लागेको तथा कार्यपालिकाको २०८०।३।३१ को निर्णयबाट मूल्यवृद्धि भुक्तानी नदिने निर्णय भएकोमा गोश्वारा भौचर नम्बर १, मिति ०८१।१२।१३ बाट आई पि सी ५ देखि अन्तिम बिल आई पि सी १२ सम्मको मूल्य समायोजन ३३,३२,२८३। तथा सोमा मूल्य अभिवृद्धि कर थप गरी रु.३७,६५,४८०। बजेट खर्च लेखिएकोले उक्त रकम उक्त निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ३७,६५,४८० |
|---|---|

२६.२ **पूर्वनिर्धारित क्षतिपूर्तिः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौमा बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको ०.०५ पूर्व निर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ। गाउँ कार्यपालिकाको २०७९।८।२२ को निर्णय नम्बर १३ मा गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि शुरुमै पर्याप्त समय राखिएको भएतापनि काममा ढिलाई भएको निज ठेकेदार पक्षको अनुरोधमा एक पटकको लागि विना जरिवाना ६ महिनाको लागि म्याद थप गरिएको भएता पनि निर्माण कार्य सम्पन्न भई नसकेकोले पुनः ३ महिना विना जरिवाना म्याद थप गर्ने र त्यसपछि पनि काम सम्पन्न नभएमा जरिवाना अनुसार पूर्वनिर्धारित क्षतिपूर्तिको समय शुरु हुने निर्णय गरेको छ। उक्त निर्माण व्यवसायीले २०८१।६।२० मा कार्यसम्पन्न गरेकोमा गाउँ कार्यपालिकाको निर्णय बमोजिम पूर्वनिर्धारित क्षतिपूर्ति लिएको छैन। यस सम्बन्धमा कार्यालयले नै पूर्वनिर्धारित क्षतिपूर्ति लिने नलिने यकिन गरी सोको कार्यान्वयन गर्नुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६.३ **एज बिल्ड ड्र्इङः** खरिद सम्झौतामा निर्माण कार्य सम्पन्न भए पश्चात निर्माण व्यवसायीले एज बिल्ट डइङ पेश गर्नुपर्ने व्यवस्था छ । सम्झौतामा उल्लेख भए बमोजिम निर्माण व्यवसायीले एज बिल्ड ड्र्इङ पेस नगरेकाले रु.१,१७,२२८। असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,१७,२२८ |
|---|---|

## २७ पानी लिफ्टिङ्ग कार्य

(ठेक्का नम्बर १५–०८०।८१) वडा नम्बर पाँचमा झारखानी पानी लिफ्टिङ्ग कार्यका लागि २०८१।२।१६ मा निर्माण व्यवसायी न्यू लाईट कन्स्ट्रक्शन, भरतपुर चितवनसँग २०८१।३।२० मा कार्यसम्पन्न गर्नुपर्ने गरी रु.७१,०८,९८१।४६ मा सम्झौता भएकोमा हालसम्म रु.२६,९५,४९०। खर्च भएको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

२७.१ **म्याद थपः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५६(१) मा खरिद सम्झौताको अवधि थप सम्बन्धी व्यवस्था सम्बन्धित खरिद सम्झौतामा उल्लेख भए बमोजिम हुने र उपदफा २ मा काबु बाहिरको परिस्थिति, सार्वजनिक निकायले उपलब्ध गराउनु पर्ने कुरा उपलब्ध गराउन नसकेमा वा अन्य मनासिब कारणबाट खरिद सम्झौताको अवधि नबढाई नहुने भएमा सम्झौता प्राप्त गर्ने व्यक्तिको निवेदन बमोजिम अधिकार प्राप्त अधिकारीले तोकिएको आधारमा अवधि बढाउन सकिने उल्लेख छ। सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधिभित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनुभन्दा कम्तीमा २१ दिन अगावै निर्धारित अवधिको कार्यसम्पादन जमानत, बीमा र पेस्की सम्बन्धी जमानत तथा संशोधित कार्यतालिका सहित आवश्यक प्रमाण कागजात संलग्न गरी सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने उल्लेख छ। त्यस्तै नियम १२०(क ३) मा समेत कार्यसम्पादन जमानत, बीमा र पेस्की सम्बन्धि जमानतको अवधि कायम रहेको सुनिश्चित गरी तोकिएको अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था छ। उक्त

निर्माण व्यवसायी सँग २०८१।३।२० मा कार्यसम्पन्न गर्नुपर्ने गरी सम्झौता भएकोमा नियमानुसार म्याद सकिनुभन्दा २१ दिन अगावै अवधि थपको लागि निवेदन दिएको नदेखिएको र सम्झौता अवधि सकिएको ११ महिना पश्चात मिति २०८२।२।११ मा निर्धारित अवधिको कार्यसम्पादन जमानत, बीमा र पेस्की सम्बन्धी जमानत पेस नगरी म्याद थपको लागि निवेदन दिएकोमा कार्यालयबाट सो सम्बन्धमा कुनै निर्णय लिएको देखिएन।

| सैद्धान्तिक बेरुजु |
|---|

२७.२ **कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० मा खरिद सम्झौता गर्न कार्यसम्पादन जमानत पेस गर्नुपर्ने र खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौतामा उल्लिखित निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधिभन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ। उक्त निर्माण व्यवसायीसँग भएको खरिद सम्झौता बमोजिमको कार्य सम्पन्न नभएको अवस्थामा निजले पेस गरेको प्राइम बैंक लिमिटेडको रु.९,२०,०००। को कार्य सम्पादन जमानतको म्याद २०८२।४।२३ मा समाप्त भएको देखिन्छ। कार्यालयले कार्य सम्पादन जमानतको म्याद थप गर्न लगाई सोको प्रमाण पेस गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ९,२०,००० |
|---|---|

२७.३ **पेस्की बाँकीः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५२(क) मा निर्माण व्यवसायीले पहिलो पटक पेस्की प्राप्त गरेको मितिले तीस दिनभित्र कार्य प्रारम्भ गरिसक्नु पर्ने, उक्त पेस्की रकम कुन प्रयोजनमा खर्च भएको हो सोको विवरण अद्यावधिक गरी सम्बन्धित सार्वजनिक निकायलाई उपलब्ध गराउनुपर्ने र पेस्की सम्बन्धित काममा प्रयोग भएको नपाइएमा अग्रिम बैंक जमानत जफत हुने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११३(४) मा पेस्की बैंक जमानतको मान्य अवधि खरिद सम्झौतामा उल्लेख भएको पेस्की फछ्र्यौट गर्नु पर्ने अवधिभन्दा कम्तीमा एक महिनाभन्दा बढी अवधिको हुनु पर्ने र नियम ११३(६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले पेस्की फर्स्यौट हुन नसकेमा सार्वजनिक निकायले बैंक जमानतको रकम सम्बन्धित बैंकबाट प्राप्त गरी पेस्की फर्स्यौट गर्नुपर्ने र निजबाट त्यस्तो पेस्की रकमको सय कडा दश प्रतिशत ब्याज समेत असुल उपर गर्नुपर्ने व्यवस्था छ। निजलाई गोश्वारा भौचर नम्बर २१८, मिति ०८१।२।२७ मा रु. ६,२९,०००। र गोश्वारा भौचर नम्बर २६६, मिति २०८१।३।१९ बाट सम्झौताको म्याद सकिने १ दिन अगाडि सम्झौताको प्रावधान विपरित रु.६,२९,०००। गरी रु.१२,५८,०००। पेस्की प्रदान गरेकोमा गोश्वारा भौचर नम्बर ३००, मिति ०८१।३।२४ बाट रु.२,५१,६००। पेस्की फर्स्यौट भई रु.१०,०६,४००। पेस्की बाँकी रहेकोमा निज निर्माण व्यवसायीले पेस गरेको प्राइम बैंक लिमिटेडको पेस्की बैंक जमानतको म्याद २०८१ भदौ २७ मा समाप्त भएको छ। खरिद सम्झौताको अवधि समाप्त भईसकेको अवस्थामा पेस्की फर्स्यौट नभएको र खरिद सम्झौताको अवधिभित्र निर्माण कार्य सम्पन्न नगरेको एवं पेस्की जमानतको म्याद समाप्त भइसकेकाले नियमानुसार ब्याज समेत असुल गरी पेस्की फर्स्यौट गर्नुपर्ने रु.

| पेश्की | १०,०६,४०० |
|---|---|

२७.४ **खरिद सम्झौताको अन्त्यः** सार्वजनिक खरिद ऐन,२०६३ को दफा ५९(७) मा सार्वजनिक निकायसँग खरिद सम्झौता गर्नेले सम्झौता बमोजिम काम सुरु नगरेमा, काम सुरु गरी बीचैमा छोडेमा वा सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र उपनियम ८ मा सम्झौता अन्त्य भएमा सो काम बापत राखिएको पूरै जमानत जफत गरी सम्झौता अन्त्य भएको कारणले सम्झौता बमोजिम बाँकी रहेको कार्य पूरा गर्न जे जति रकम आवश्यक पर्छ सो रकम त्यसरी सम्झौता बमोजिम कार्य नगर्ने बोलपत्रदाताबाट सरकारी बाँकी सरह असुल उपर गरी दफा ६३ (१ ग) बमोजिम सार्वजनिक खरिद अनुगमन कार्यालयमा कालो सूचीमा राख्नका लागि लेखी पठाउनुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीलाई सम्झौता

बमोजिमको कार्य गर्न कार्यालयबाट पटक पटक ताकेता गरिएको , मिति २०८१।३।७ मा देवघाट गाउँपालिकाका उपाध्यक्ष भुवन सिं गुरुङकोसंयोजकत्वमा गठित अनुगमन समितिको प्रतिवेदनमा आयोजनामा विभिन्न समस्या देखिएको , गत बर्ष ०८०।८१ सम्म उक्त आयोजनामा प्रथम रनिङ बिल बापत रु.२६,९५,४९०। खर्च भई वित्तीय प्रगति ३७.९२ प्रतिशत मात्र रहेको अवस्थामा विगत लामो समय देखि आयोजना अलपत्र अवस्थामा रहेको हुँदा नियमानुसार खरिद सम्झौता अन्त्य गरी बाँकी निर्माण कार्य व्यवस्थापन गर्न कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

२७.५ **परामर्शदाताको प्रतिवेदनः** उक्त आयोजनामा बोरिङ गरे पश्चात पानी नआएको, एच डि पि इ पाईपको कार्य रु.१६,३२,८५०। फ्रन्ट लोडिङ गरेको अवस्थामा परामर्शदाता इन्जिनियर सन्देश दाहालले भुक्तानीका लागि सिफारिश गरेको देखिएकाले उक्त आयोजनामा हालसम्म भएको खर्च रु.२६,९५,४९०। बाट अपेक्षित उपलब्धि हासिल भएको देखिएन। आयोजना अधुरो हुन पुगेकाले प्रतिवेदन तयार गर्ने र भुक्तानीका लागि सिफारिश गर्ने परामर्शदातालाई समेत जिम्मेवार बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## २८ निर्माण स्थलको व्यवस्था नगरी खरिद

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ६(३) मा सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था नभई, निर्माण स्थलबाट हटाउनु पर्ने रुख बिरुवा लगायतका संरचना हटाउने सुनिश्चितता नभई, मुआब्जा वा क्षतिपूर्ति वितरण गर्नुपर्नेमा सोको लागि बजेटको सनिश्चितता नगरी तथा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययनको प्रतिवेदन स्वीकृत नगराई बोलपत्र आह्वान गर्न नहुने उल्लेख छ। संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (समपुरक अनुदान ) तर्फ दासढुङ्गा त्रिशुली नदी हुँदै कालिगण्डकी वेणी संगमबाट हर्दिघाट पक्की पुल सम्मको पैदल मार्ग निर्माण आयोजनाका लागि रु.१,४२,००,०००। बजेट व्यवस्था भएकोमा निर्माण व्यवसायी डि एन्ड बि बिल्डर्स एन्ड सप्लायर्स प्रा.लि.सँग २०८१।१०।२५ मा २०८२।२।१५ मा कार्यसम्पन्न गर्नुपर्ने गरी रु.१,२२,६८,८९७। मा सम्झौता भएकोमा गोश्वारा भौचर नम्बर ३१, मिति ०८२।३।२४ बाट उक्त निर्माण व्यवसायीलाई प्रथम रनिङ बिलबापत रु.३४,९०,३८१। र कन्टिनजेन्सी समेत गरी रु.४०,९२,०००। बजेट खर्च भई रु.१,०१,०८,०००। बजेट फ्रिज हुन पुगेको छ। निर्माण व्यवसायीले २०८१।१०।२५ मा साईट उपलब्ध गराईदिन कार्यालयलाई पत्र लेखेको छ। निर्माण स्थलको व्यवस्था नगरी बोलपत्र आव्हान गरेको हुँदा उक्त आयोजनाको तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी २०८२ पौष मसान्तसम्म म्याद थप गरिएको छ। संघीय सरकारबाट सालबसाली योजनाको रुपमा प्राप्त कार्यक्रम सोही बर्ष सम्पन्न हुन नसकी बजेट फ्रिज हुन पुगेको र आगामी बर्षका लागि बजेटको सुनिश्चितता समेत नभएकाले गाउँपालिकाको विकास निर्माण कार्यका लागि संघीय सरकारबाट प्राप्त बजेटको सही उपयोग हुन नसकी बजेट फ्रिज हुन पुगेको छ। निर्माण स्थलको व्यवस्था गरेर र प्रचलित कानून बमोजिम बोलपत्र आव्हान पूर्व सार्वजनिक निकायले सम्पादन गर्नु पर्ने कार्यहरू गरेर मात्र बोलपत्र आव्हान गर्नेतर्फ कार्यालयले ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## २९ घिनटार-देवघाट-देउपुर सडक स्तरोन्नति कार्य

कार्यालयले घिनटार-देवघाट-देउपुर सडक स्तरोन्नति कार्यका लागि निर्माण व्यवसायी जि.एम.आर.कन्स्ट्रक्शन नेपाल प्रा.लि.,माडी, चितवनसँग २०७९।९।११ मा २०८०।९।१७ मा कार्य सम्पन्न गर्नुपर्ने गरी रु.३,७१,११,२२५। मा सम्झौता भएकोमा तोकिएको समयमा कार्य सम्पन्न हुन नसकी गाउँ कार्यपालिकाको मिति २०८२।३।२७ को निर्णयले सम्झौताको म्याद २०८२ असोज २५ सम्म थप भएको छ। सो सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार रहेका छन्:

**(क) भेरियशनः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ र सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११८ मा खरिद सम्झौता गर्दाको बखत पुर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा

सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई तोकिए बमोजिम भेरियशन आदेश जारी गर्न सकिने व्यवस्था छ। कार्यालयले उक्त आयोजनाको खरिद सम्झौताको कार्यान्वयन गर्दा भेरियशन आदेश स्वीकृत नगरी बिल अफ क्वान्टिटीमा उल्लिखित परिमाणभन्दा बढी हुने गरी भुक्तानी गरेको रकम नियमसम्मत नदेखिएको रु.

| बिओक्यूमा उल्लिखित आईटम | बिओक्यू परिमाण | भुक्तानी परिमाण | बढी परिमाण | भुक्तानी दर | मुअकर समेत बढी भुक्तानी |
|---|---|---|---|---|---|
| Earthwork Excavation of foundation of structure | १४६६.४५ | १७६४.४१ | २९७.९६ | १५०। | ५०५०४ |
| RCC M20 | ४.९२ | २१.२९ | १६.३७ | ९९९०। | १८४७९६ |
| | | | | जम्मा | २३५३०० |
| | | | | अनियमित भएको | २,३५,३०० |

३० **सोझै खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ मा रु. १० लाख सम्मको लागत अनुमान भएको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सकिने, नियम ८४ मा रु. २० लाख सम्म लागत अनुमान भएको मालसामान तथा निर्माण कार्य सिलबन्दी दरभाउपत्रमार्फत खरिद गर्नुपर्ने र नियम ३१ मा रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको निर्माण कार्य वा जुनसुकै सेवा खरिद गर्नु पर्दा खुला बोलपत्र मार्फत खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले खरिद योजना तथा एकै प्रकृतिको सामग्रीको प्याकेज नबनाई पटक-पटक गरी खरिद गरेको देखिन्छ। यसबाट खरिद पक्रियामा प्रतिस्पर्धा एवं पारदर्शिता सीमित हुन जान्छ पालिकाले एकै प्रकृतिका सामग्रीहरूको प्याकेज तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा त्यस्तो नगरेकाले प्रतिष्पर्धा सीमित हुने गरि सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| गो भौ मिति | विवरण | आपुर्ती कर्ता | भुक्तानी रकम |
|---|---|---|---|
| ४६ २०८१।१०।१५ | देवघाट झो पु त्रिशुली नदी तट पहिरो नियन्त्रण | इसानी डिजाइनर एण्ड विल्डर्स | ९६०९०८ |
| १०८ २०८२।२।११ | फिदिम स्वारा मो वा विस्तार | मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ८२९९३६ |
| ११४ २०८२।२।१२ | क्यूदी कालिमाटी गहिरा जाने बाटो स्तरउन्नती | एन जी एस कन्स्ट्रक्सन | ४७३२६० |
| १३४ २०८२।३।५ | विमरा स्वारा कृषि मो वा | निसिका कन्स्ट्रक्सन प्रा लि | ६४१८८८ |
| १४८ २०८२।३।१३ | चन्दौली भञ्ज्याङ उकालो ग्याविन जालि | एस टी निर्माण सेवा | ९४५४९३ |
| १४७ २०८२।३।१३ | खानेपानी पाइप खरिद | चितवन पोली पाइप इण्डस्ट्रिज | ८६६९६९ |
| १४५ २०८२।३।१५ | पिपलटार भङखारो ग्याविन जाली लागने कार्य | सन्ध्या सन्देश निर्माण सेवा | ९५६४११ |

| | | | |
|---|---|---|---|
| १५९ २०८२।३।१७ | भुवनटार झारखानी ग्राभेल तथा रोलर लगाउने काम | पवन कन्स्ट्रक्सन | ६९१८३२ |
| १६३ २०८२।३।१९ | मास्दी खाल्टे मो वा स्तरउन्नती | रबिन्द्र कन्स्ट्रक्सन | ८९०२७३ |
| १७५ २०८२।३।२२ | रानीवन खापा मर्मत संभार | हिमगंगा बिल्डर्स एण्ड सप्लायर्स | ४६८७७८ |
| १८९ २०८२।३।२४ | ठिमरा पक्किपुल घट्टेखोला हुदै सप्तगण्डकी चोक सम्म बाटो | एस वि जि सप्लायर्स | १९१७६३ |
| १९२ २०८२।३।२४ | देवघाट ५ पुरानो बस्ती खेलकुद मैदान ग्याविन बक्स राख्ने कार्य | प्रेस्टिज इन्जिनियरिङ एण्ड व्युल्डर्स | ९४५६६५ |
| | | जम्मा | ८८६३१७६ |

सैद्धान्तिक बेरुजु

३१

**नर्म्सभन्दा बढी भुक्तानी**

नेपाल सरकार सडक विभागले जारी गरेको DOR,Norms 2073 recised 2075 को Sepecification २००० मा ट्याककोट स्प्रेदर ०।४ देखि ०।६ प्रति वर्ग मिटर हुने उल्लेख छ निम्न योजनाहरूमा प्रयोग भएको प्राईम कोट र ट्याककोटको खपत लिटर बराबर हुनेगरी कार्य स्वीकार प्रतिवेदन तयार गरी भुक्तानी गरेको छ। यसरी स्वीकृत नर्म्स विपरीत ट्याककोटको मात्रा बढी प्रयोग गरी बढी भुक्तानी भएको रकम सम्बन्धित बाट असुल गर्नुपर्ने रु

| गो भौ मिति | काम | निर्माण व्यवसायी | प्राइमकोट खपत(लि) | ट्याकोट खपत(लि) | हुनुपर्ने (लि) | बढी(लि) | दर | बढि भुक्तानी भ्याट सहित |
|---|---|---|---|---|---|---|---|---|
| २९ २०८२।३।२४ | दासढुङ्गा देवघाट मार्ग मर्मत | शदिस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | ११३३ | ११३३ | ६८० | ४५३ | १५० | ७६८१७ |
| २०२ २०८२।३।२४ | बगालेचोक देखि सीता सामुदायिक बनको पिकनिक स्थल जाने बाटो कालोपत्रे | शदिस कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | १५७४ | १५७४ | ९४४ | ६३० | १७० | १२०९४६ |
| | | | | | | | जम्मा | १९७७६४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९७,७६४ |

३२ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ। कार्यालयबाट यस आर्थिक वर्ष देहायबमोजिमको भौचरबाट भुक्तानी भएकोमा खर्चको पुष्ट्याई हुने आवश्यक कागजात पेस नभएकाले खर्चको पुष्ट्याई हुने प्रमाण पेस गर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौचर नं। मिति | खर्चको विवरण | भुक्तानी रकम |
|---|---|---|
| १०० २०८२। २।६ | इम्प्रेसन पब्लिकेसन एण्ड मिडिया प्रा लि लाई फटोकपी विलका आधारमा भुक्तानी | ४०३४१ |
| 131 २०८२। ३।२ | कामकालागि पारिश्रमिक तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना गापा लागत साझेदारी शिर्षकबाट गाईघाट रो उपभोक्ता समितिलाई भुक्तानी भएकोमा सो को पुष्ठाई हुने विल भर्पाई पेस नभएको | ८५५५२ |
| १८९ २०८२। ३।२४ | विभिन्न ठाउमा सिसि टिभिक्यामेरा जडान गरेको भनि मेड इन्फो टेक प्रलि लाई भुक्तानी भएकोमा सो कार्यको प्राविधिक मुल्याङकन पेस नभएको | २०२५०० |
| | | ३२८३९३ |
| | प्रमाण पेश नगरेको | ३,२८,३९३ |

३३ **तेस्रो पक्षबाट कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरूलाई मेशिन, औजार उपकरणहरूको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ उपनियम १० मा उपभोक्ता समितीसंग सम्झौता भई तोकिएको कार्य उपभोक्ता समिति आफैले गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन नपाइने उल्लेख रहेको छ। पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरि गराइएका कार्यहरू उपभोक्ता समिति आफैले नगरी निर्माण व्यवसायी मार्फत गराउने गरेको व्यहोरा खर्चका बिल भर्पाइहरूबाट देखिन आएको, पालिकाले जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरू मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायीबाट सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रतिस्पर्धा गराइ गर्नुपर्नेमा सो बमोजिम नभएकाले अनियमित भएको रु

| **गोभौ नं** | **उसको विवरण** | **बिजकपेस गर्नेको विवरण** | **कुलकाम (नापि)** | **निर्माणव्यवसायीको विल** |
|---|---|---|---|---|
| `100 २०८२। २।६ | घण्टाचुली टोल विकास संस्था(कछार ग्रामिण कृषि मो वा निर्माण) | नरम कन्स्ट्रक्सन एण्ड सप्लायर्स | ७०३७०२ | ७०३७०२ |
| ११५ २०८२। २।२१ | डिही भञ्याङ्ग काफल चौतारा अधुरो सडक निर्माण कार्य | कछार क्षेत्र निर्माण सेवा एण्ड सप्लायर्स | ११७२२६० | ११७२२६० |

| | | | | |
|---|---|---|---|---|
| १७८ २०८२।३।२३ | शहिद चोक देखि झो पु सम्म बाटो नयाँ ट्र्याक ग्राबे (बसेनटार टोलविकास संस्था) | एन एण्ड आइ निर्माण सेवा एण्ड सप्लायर्स(ग्राभेल) | ३४१०७३ | २७६५७२ |
| | | एस वि जि सप्लायर्स(जेसिवि) | | ७०००० |
| १९२ २०८२।३।२४ | कृषि हाटबजार नजिकको खाल्डो व्यवस्थापन(देव घाट टोल विकास संस्था) | एन एण्ड आइ निर्माण सेवा एण्ड सप्लायर्स(जेसिवि) | ३४६३२२ | ३५८०५४ |
| २१० २०८२।३।२४ | दरैटार टिल बहादुर मगरको घर देखि पोल बहादुर आलेको घर सम्म बाटो(जनसुधार टोल विकास समिति) | कछार क्षेत्र निर्माण सेवा एण्ड सप्लायर्स | ९००५० | ९६०५० |
| २१० २०८२।३।२४ | चिम्नी खोला गहिराउने काम (जलदेवि टोल विकास संस्था) | सुनिश्चित कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | १७६३०८ | १७८६८९ |
| | | जम्मा | २८२९७१५ | २८५५३२७ |

| | |
|---|---|
| अनियमित भएको | २८,२९,७१५ |

३४ **हेभी ईक्युपमेण्टको प्रयोग**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरूले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाको कार्यालयबाट सहमति लिएको पाइएन यसका केही उदाहरणहरू यसप्रकार रहेका छन्:

| गो भौ नं | उपभोक्ता समिति | बिजक पेस गर्नेको विवरण | कुल काम (नापि) | निर्माण व्यवसायिको विल |
|---|---|---|---|---|
| १५५ २०८२।२।२१ | नरम तकमरे भलिबल खेल मैदान निर्माण | सुनिश्चित कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २३३७२२ | १३६९९८ |

| | | | | |
|---|---|---|---|---|
| १७५ २०८२। ३।२३ | कोटा एक्लेबगर देखि होमस्टे जाने बाटो मर्मत | बिषेश कन्स्ट्रक्सन एण्ड सप्लायर्स | २१८३६० | ४४९९९ |
| | | एस विजि सप्लायर्स | | ६०००० |
| ८५ २०८१। १२।१७ | बसेरीटार टोल विकास संस्था | सदाचारी कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि | २२७१५० | ५०००० |
| १९२ २०८२। ३।२४ | सार्वजनिक जग्गा संरक्षण(देवघाट टोल विकास संस्था) | एन एण्ड आइ निर्माण सेवा एण्ड सप्लायर्स प्रा़ली(जेसिवि) | ६८९३९८ | १२०००० |
| | | जम्मा | १३६८६३० | ४११९९७ |

सैद्धान्तिक बेरुजु

## ३५ बिजुली महसुल जरिवाना

६।२०८१।५।२१ गणडकी प्रदेश खर्चको मापदण्ड, २०७९ को दफा १६(२) बमोजिम पानी, बिजुली, टेलिफोनको महसुल मिटर रिडिङ्ग पछि तोकिएको समयमा नै भुक्तानी गर्दा रिवेट (छुट) पाउने हकमा यस्तो भुक्तानी समयमा नै गरी जरिवाना नतिर्ने र नियमनुसारको छुट सुविधा लिने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ। कार्यालयले बिजुली महसुल रु.६०,३५०।- भुक्तानी गर्दा नेपाल विद्युत प्रधिकरणलाई समयमा महसुल नतिरेकोले रु.७,२४८।- जरिवाना तिरेकोले कार्यालयलाई बढी दायित्व सिर्जना भएकोले नियमसम्मत नभएको रु.

| अनियमित भएको | ७,२४८ |
|---|---|

## ३६ करार कर्मचारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकीदार, माली, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद बाहेकको विभिन्न पदमा गाउँसभाबाट पारित संगठन तथा व्यवस्थापन (ओ एण्ड एम) अनुसारको दरबन्दीमा ३० जना करार नियुक्ति गरी वर्षभरीमा रु.१२२८६९७६ ।- भुक्तानी गरेको छ। पालिकाको आन्तरिक आयलाई समेत विचार गरी मितव्ययी रुपमा करार कर्मचारी नियुक्त गर्नुपर्दछ

सैद्धान्तिक बेरुजु

## ३७ बढी भुक्तानी

२९१।२०८२।३।२ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ उपनियम (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्नेछ व्यवस्था रहेको छ। पालिकाले वाई काफ्ले एण्ड कम्पनीलाई लेखापरीक्षण बापत रु.१२,६७५।– भुक्तानी दिनुपर्नेमा रु.२०.८०८।- भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु.८,१३३।- निजसँग असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | ८,१३३ |
|---|---|

## ३८ बैङ्क मार्फत भुक्तानी

१५६।२०८१।१०।२८ सरकारी कारोबार निर्देशिका, २०७६ को दफा ५.१६.१ मा सरकारी खाताहरूबाट रकम भुक्तानी गर्दा A/c Payee चेक मार्फत वा सोझै बैंक खातामा रकम जम्मा गरी भुक्तानी दिनुपर्ने प्रावधान रहेको छ। कार्यालयले वल्ड लिङ्क कम्युनिकेसनलाई बुझाउनु पर्ने रकम अरुण अधिकारी मार्फत बिल भर्पाई पेस गरेको देखिन्छ। कार्यालयले सोझै लाभग्राहीको खातामा जम्मा हुने गरी भुक्तानी दिनेतर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३९ **ऋण लगानी तथा ब्याज फिर्ता**

स्वरोजगार उद्यम विकास कोष सञ्चालन नियमावली, २०७४ को नियम ११ र १२ मा ऋण लगानीको ब्याज दर र फिर्ता सम्बन्धी व्यबस्था छ। कार्यालयले उपलब्ध गराएको विवरणअनुसार रु.६४,७९,३३३।- ऋण लगानी रकम हालसम्म असुल गर्न बाँकी रहेकोले विभिन्न २८ व्यक्ति तथा फर्मबाट नियम अनुसार लाग्ने ब्याज सहित गत बर्ष लखापरीक्षण प्रतिवेदनमा औल्याएको भए तापनि हालसम्म सम्बन्धितबाट असूल नभएकोले यसतर्फ कार्यालयले ध्यान दिनु पर्दछ।

सैद्धान्तिक बेरुजु

४० **कृषि, पशु अनुदान**

कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्बन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ। यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत तिनका समेत स्रोत साधनको सम्लग्नतामा सञ्चालन गर्न विभिन्न नीति कार्यविधि तथा निर्देशिका नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट समेत तर्जुमा भएको देखिन्छ। सोही बमोजिम लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट कृषितर्फ १६३ जना कृषक र १ समूहको लागि रु.३४ लाख ७३ हजार खर्च भएको व्यहोरा निम्नानुसार देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागि यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गरी अनुदान रकमको समुचित प्रयोग भए नभएको सम्बन्धमा अनुगमन तथा मूल्याङ्कन गर्नुपर्दछ।

| क्र.सं. | अनुदानको किसिम | व्यक्ति संख्या | रकम रु हजारमा |
|---|---|---|---|
| १ | खोर गोठ सुधार | ४३ कृषक | ७४९ |
| २ | गौशाला निर्माण | १ उपभोक्ता समिति | १३५८ |
| ३ | व्यवसायिक तरकारी उत्पादन कार्यक्रम(नगद अनुमान) | १० कृषक | 256 |
| ४ | आ.व. २०८१/८२ मा नयाँ सुन्तलाजात पकेट विकास कार्यक्रम सञ्चालन | ४५ कृषक | 625 |
| ५ | सुन्तला फलफूल क्षेत्र विस्तार कार्यक्रम | ३० कृषक | २५ |
| ६ | मौरीपालन अभिमुखीकरण कार्यक्रम | १० कृषक | १३६ |
| ७ | सुन्तला विकास कार्यक्रम | २५ कृषक | ३२४ |
| **जम्मा** | | १६३ कृषक, १ उ.स. | ३४७३ |

सैद्धान्तिक बेरुजु

४१ **व्यवस्थापक भत्ता**

अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ नवौंमा तालिम केन्द्रबाहेक अन्य निकायबाट सञ्चालित तालिममा व्यवस्थापक भत्ता दिन मिल्ने उल्लेख गरेको छैन। पालिकाले निम्नानुसार तालिम सञ्चालन गर्दा व्यवस्थापक भत्ता वापत रु.१५,४७०।- भुक्तानी दिएकोले निर्देशिका विपरीतको भत्ता असुल गर्नुपर्ने रु.

| **भौ.नं.।मिति** | **कार्यक्रम** | **व्यवस्थापक** | **भुक्तानी रकम (कर कट्टी पछि)** |
|---|---|---|---|
| १६८।२०८२।३।१७ | जीविकोपार्जन सुधार कार्यक्रम | संगीता ओझा | ५९५० |
| १८३।२०८२।३।२३ | हाउस वाइरिङ्ग तालिम | कृष्णराज पन्त | ५९५० |
| १६५।२०८२।३।१७ | मौरी पालन तालिम | कुमार लम्साल | ३५७० |
| | | जम्मा | १५४७० |

| असुल गर्नुपर्ने | १५,४७० |
|---|---|

४२ **शिक्षक तथा विद्यार्थी अनुपात**

शिक्षा नियमावली, २०५९ अनुसार सामुदायिक विद्यालयमा विद्यार्थी शिक्षक अनुपात हिमाली भेगमा ४०:१, पहाडी भेगमा ४५:१ र उपत्यका तथा तराई भेगमा ५०:१ रहने व्यवस्था छ। यस पालिका अन्तर्गत ३४ वटा विद्यालयमा २३२ जना शिक्षक दरबन्दी भएकोमा १७७ जना स्थायी र ५५ जना अस्थायी/राहत शिक्षक रहेको देखिन्छ।

| **क्र.सं** | **विद्यालय** | **शिक्षक दरबन्दी** | **पदपूर्ति** | | **विद्यार्थी संख्या** |
|---|---|---|---|---|---|
| | | | **स्थायी** | **अस्थायी/राहत** | |
| १ | ३४ विद्यालय | २३२ | १७७ | ५५ | ३०२६ |

उपर्युक्त शिक्षक दरबन्दी र पदपूर्ति एवम् विद्यार्थी सङ्ख्या विश्लेषण गर्दा प्रति शिक्षक औषतमा १३ जना विद्यार्थीहरूलाई पठन पाठन गराउनु पर्ने देखिन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अनुसूची १ को जिल्ला वर्गीकरणमा तनहु जिल्ला पहाडी जिल्लाको सूचीमा रहेको छ। शिक्षा नियमावली, २०५९ ले तोके अनुसार पहाडी भेगमा सामुदायिक विद्यालयमा १ जना शिक्षकले ४५ जना विद्यार्थीलाई पठन पाठन गराउनुपर्ने गरी शिक्षकको दरबन्दी कायम हुनुपर्नेमा यस पालिकामा १ जना शिक्षकले औषतमा १३ जना विद्यार्थीलाई मात्र पठन पाठन गराएको देखियो जुन शिक्षा नियमावलीले तोकेको अनुपात भन्दा कम रहेको छ।

| सैद्धान्तिक बेरुजु |
|---|

४३ **सेनिटरी प्याड**

सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरूले छात्राहरूको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सूचना प्रणालीको तथ्याङ्कसँग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले

राख्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरूका लागि विद्युतीय बोलपत्र मार्फत गो.भौ.नं. १५० मिति २०८२।३।३ बाट टिनेक्स मेडिकेयरबाट ८८० छात्राका लागि १० हजार प्याकेट सेनिटरी प्याड खरिद गरी रु.७,६८,४००।- भुक्तानी गरेको छ। आर्थिक वर्षको अन्त्यमा १४ सामुदायिक विद्यालयहरूलाई ९ हजार ६०० प्याडहरू हस्तान्तरण गरी ४०० प्याडहरू जिन्सी शाखामा मौज्दात रहेको विवरण पेस भएको छ। आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा वर्षान्तमा खरिद गरेको पाइयो। पालिकाले अनुदान मार्फत वितरण गरेको सेनिटरी प्याड विद्यालयमा हस्तान्तरण गरी सम्बन्धित विद्यालयले जिन्सी आम्दानी बाँधेको प्रमाण, वास्तविक लाभग्राही (कक्षा ६-१२ सम्मका छात्राहरू) ले पाए नपाएको सम्बन्धमा अनुगमन तथा विद्यालयले लाभग्राही विद्यार्थीलाई वितरण गरेको भरपाइ पेस हुन आएन। कार्यान्वयन पुस्तिकाअनुसार बाँकी प्याडहरू विद्यालयलाई हस्तान्तरण गरी अनुगमन प्रतिवेदन तथा विद्यालयमा आम्दानी बाँधेको प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,६८,४०० |

### ४४ कक्षा ८ को परीक्षा सञ्चालन

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.३०२ मा कक्षा ८ को परीक्षा सञ्चालन तथा प्रमाणीकरण एवम् विद्यार्थी मूल्याङ्कमा प्रति विद्यालय रु.२७५।– को दरले अनुदान उपलब्ध गराउने र अपुग बजेट स्थानीय तहबाट थप गर्नुपर्ने उल्लेख छ। शैक्षिक सत्र २०८१ मा कक्षामा २७१ विद्यार्थी सम्मिलित भएकोमा प्रति विद्यार्थी रु.२७५।– दरले रु.७४,५२५।– संघीय सशर्तबाट खर्च लेखी बाँकी रकम पालिकाको आन्तरिक स्रोतबाट खर्च लेख्नुपर्नेमा पालिकाले भौ.नं. १०४। २०८२।१।२२ बाट रु.३,१४,७६६।– खर्च लेखेकोले बढी खर्च लेखेको रु.२,४०,२४१।– संघीय सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेस हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,४०,२४१ |

### ४५ न्यून विद्यार्थी संख्या भएका विद्यालय

संघीय शिक्षा नियमावली, २०५९ को नियम ७७ उपनियम १ मा सामुदायिक विद्यालयको प्रत्येक कक्षामा विद्यार्थी संख्या पहाडमा सामान्यतया ४५ हुनुपर्ने उल्लेख छ। साथै नियमावलीको नियम १२ क मा विद्यालय गाभ्न लिइने आधारहरू उल्लेख गरेको छ। यस पालिका मातहतमा कुल ३४ सामुदायिक विद्यालय सञ्चालनमा रहेकोमा उक्त विद्यालयहरूलाई यस पालिकाबाट जम्मा रु.१४,५४,२१,१४३।- निकासा दिइएको विवरण प्राप्त भएको छ। उक्त विवरणअनुसार निम्नानुसार १७ विद्यालयमा उपरोक्त कानूनले तोकेभन्दा न्यून संख्यामा विद्यार्थी संख्या रहेको बेहोरा देखिन आयो।

| सि.न. | विद्यालयको नाम | संचालित कक्षा | शिक्षक दरबन्दी | विद्यार्थी संख्या | शिक्षक संख्या | | यो वर्ष कुल निकासा रु |
|---|---|---|---|---|---|---|---|
| | | | | | स्थायी | राहत/ करार/ अनुदान | |
| १ | महाकाली आ.वि. | १-५ | ५ | ७६ | ३ | २ | ३२५३००७ |
| २ | पार्वती मा.बि | १-१२ | १७ | ३२६ | १३ | ४ | ११९१९३९३ |
| ३ | कालिगण्डकी आ.वि. | १-८ | ८ | ६३ | ६ | २ | ४८९०४९९ |
| ४ | गणेश आ.वि. | १-५ | ३ | २९ | २ | १ | १४०८२५३ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | आदर्श शिक्षा मा.बि. | १-१२ | १६ | ३०१ | १२ | ४ | १०९९८१३९ |
| ६ | कालीगंगा मा.बि. | १-१० | १२ | १६१ | ८ | ४ | ८०२०२५० |
| ७ | सर्बोदय आ.भु.बि. | १-८ | ९ | ७९ | ७ | २ | ४७७४०२१ |
| ८ | लक्ष्मी आ.वि. | १-८ | ७ | ४३ | ६ | १ | ४२४११०० |
| ९ | जुनोदय आ.वि. | १-८ | ७ | ५३ | ४ | ३ | ४०१४१३९ |
| १० | जानकी आ.बि. | १-५ | ३ | ३४ | ३ | ० | १९७०८७६ |
| ११ | सि४ आ.बि. | १-३ | १ | १० | ० | १ | ८३५१२६ |
| १२ | जनसेवा आ.वि. | १-३ | १ | १७ | ० | १ | १२२५३५९ |
| १३ | ईन्द्रपुरी आ.वि. | १-३ | १ | ६ | ० | १ | ११४२२५२ |
| १४ | बालकेश मा.बि. | १-१० | १६ | १५७ | १० | ६ | ७६५८३२७ |
| १५ | भृकुटी मा.बि. | १-१२ | १७ | २५८ | १६ | १ | ९९२५१४० |
| १६ | गोर्खाकालिका आ.वि. | १-८ | ८ | ९७ | ७ | १ | ४८१९९८६ |
| १७ | शंकर आ.वि. | १-३ | १ | ९ | १ | ० | १२७६०६२ |
| १८ | कालिका आ.बि. | १-५ | २ | १९ | १ | १ | १८२७५६३ |
| १९ | जलदेबि आ.बि. | १-५ | ३ | ३० | २ | १ | २०४२४८१ |
| २० | राष्ट्रिय आ.बि. देवघाट ३ | १-५ | २ | १८ | २ | ० | १३९२६५६ |
| २१ | राष्ट्रिय मा।वि देवघाट ४ | १-१० | १५ | १०८ | ९ | ६ | ५३३६१११ |
| २२ | जनज्योति आ.वि. | १-५ | २ | १२ | २ | ० | ११७३९९७ |
| २३ | जनशक्ति आ.वि. | १-५ | ३ | १८ | ३ | ० | १९५३८१९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २४ | जनता आ.वि.देवघाट | १-५ | ३ | २२ | २ | १ | १९४४१५४ |
| २५ | सि४ आ.वि.देवघाट | १-५ | ३ | ४३ | ३ | ० | २५३३८८१ |
| २६ | महादेब आ.वि. | १-५ | १ | २१ | १ | ० | १९९७८४८ |
| २७ | बराह आ.वि. | १-५ | ६ | ८२ | ५ | १ | ३३०५४४२ |
| २८ | बज्रयोगिनी मा.बि. | १-१० | १४ | २९४ | ९ | ५ | ८८७२९६० |
| २९ | चक्रबर्ति आ.वि. | १-५ | ४ | ५७ | ४ | ० | २६९९१४१ |
| ३० | कालिका मा.बि. | १-१२ | १९ | ३६१ | १६ | ३ | १२५९७६४३ |
| ३१ | सि४महाकालि मा.बि. | १-१० | १४ | १२२ | ११ | ३ | ९१९३७५४ |
| ३२ | कालिका आ.बि. | १-५ | ५ | ४६ | ५ | ० | ३४१०८९१ |
| ३३ | मुकुन्देश्वरी आ.वि. | १-५ | २ | १८ | २ | ० | १८८६४९५ |
| ३४ | चेतना आ।वि | १-३ | १ | ३६ | १ | ० | ८८०३७८ |
| | **जम्मा** | | **२३१** | **३०२६** | **१७६** | **५५** | **१४५४२११४३** |

सैद्धान्तिक बेरुजु

४६ **शैक्षिक गुणस्तर**

पालिकाले आफ्नो अन्तर्गतका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनुपर्दछ। पालिका अन्तर्गतका विधालयहरूको २०८१ को एस.ई.ई परीक्षामा २४४ जना विद्यार्थी सहभागी भएकोमा नतिजाका आधारमा संस्थागत विद्यालय र सामुदायिक विद्यालयको अवस्था देहाय बमोजिम रहेको छ :

| सि.नं. | जिपिए | जम्मा सम्मिलित विद्यार्थी संख्या | उत्तीर्ण विद्यार्थी संख्या | | उत्तीर्ण प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक |
| १ | ३.६१-४.०० | २४४ | नभएको | ३६ | | १४.७५ |
| २ | ३.२१-३.६० | २४४ | | ६४ | | २६.२३ |
| ३ | २.८-३.२ | २४४ | | ७२ | | २९.५१ |
| ४ | २.४-२.८ | २४४ | | २० | | ८.२० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | २.००-२.४ | २४४ | | १ | | ०.४१ |
| | जम्मा | २४४ | | १९३ | | ७९.०९ |
| ६ | NG | | | ५१ | | २०.९० |
| | कुल जम्मा | | | | | |

तालिका अनुसार सामुदायिक विद्यालयतर्फ ३.६१-४.०० जिपिए ल्याउने विद्यार्थी ३६, ३.२१-३.६० जिपिए ल्याउने विद्यार्थी ६४, २.८०-३.२० जिपिए ल्याउने ७२, २.४-२.८ जिपिए ल्याउने २० र २.००-२.४ जिपिए ल्षाउने १ जना रहेका छन्। यसरी सामुदायिक विद्यालयवाट ५१ जना ननग्रेड भएको देखिन्छ। यसरी पालिकाले सामुदायीक विद्यालयको शौक्षिक क्रियाकलापमा वृद्धि गरी उत्तीर्ण प्रतिशत सुधार तथा गुण्स्तर वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

४७ **परम्परागत विद्यालय अनुदान**

१७०।२०८२।३।१८ शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.१३.११ कक्षा १-८ सञ्चालन भएका विद्यालयलाई रु.८ लाख र कक्षा ९-१० वा ९-१२ सञ्चालन भएका विद्यालयहरूलाई रु.१० लाख अनुदान दिने र अनुदान प्राप्त गरेका विद्यालयले विद्यालय व्यवस्थापन समितिले निर्णय गरेका आवश्यक क्षेत्रमा खर्च गर्ने उल्लेख छ। शैक्षिक पहुँच सुनिश्चतता अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत निम्नानुसार विद्यालयलाई अनुदान उपलब्ध गराएकोमा विद्यालय व्यवस्थापन समितिको निर्णयसहितको खर्चका बिल भरपाई पेस नभएकोले सो पेस गर्नुपर्ने रु.

| **क्र.सं.** | **विद्यालयको नाम** | **अनुदान रकम** |
|---|---|---|
| १ | परमानन्द गुरुकुल देवघाट ५ | १०००००० |
| २ | महेश सँस्कृत गुरुकुलम | १०००००० |
| ३ | माँ कल्याणी कन्या गुरु | ८००००० |
| ४ | वेद वेदाङ्ग विद्यालय | १०००००० |
| | जम्मा | ३८००००० |

| प्रमाण पेश नगरेको | ३८,००,००० |
|---|---|

४८ **प्रमाण पेस गर्नुपर्ने**

जलदेवी आधारभूत विद्यालयका शिक्षक कन्चन कुमारी शाह मिति २०८२।३।२ सम्म लागु हुने गरी रमाना बुझी जनता राष्ट्रिय प्रा वि, धनुषा सरुवा भई गएकोमा निजको बैशाखदेखि आषाढसम्म प्रति महिना रु.३९,७९९।– को दरले जम्मा रु.१,१९,३९६।– विद्यालयको खातामा निकासा दिएको छ। निजको रमानापत्रमा २०८२।३।३ सम्म देखि लागु हुने तर तलब बुझेको मिति उल्लेख नगरेकोले सम्बन्धित शिक्षकले २०८२।३।३ देखि सरुवा भई गएको विद्यालयबाट तलब भत्ता नबुझेको प्रमाण पेस गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ३७,१४६ |
|---|---|

४९ **दिवा खाजा**

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्ममा

अध्यनरत विद्यार्थीहरूको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने, दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गरी उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समूहबाट खरिद गर्ने र स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिमाण खुल्ने विवरण, बिल भरपाई सुरक्षित राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसिमितिबाट अनुमोदन गरी विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने व्यवस्था छ। पालिकाले विद्यार्थीहरूको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई विद्यालयले उपलब्ध गराएको हाजिरी विवरणको आधारमा ३४ वटा सामुदायिक विद्यालयको खातामा रु.४१,७२,५२२।- निकासा गरेको छ। विद्यालयलाई दिएको निकासाबाट तोकिएको कार्यमा रकम खर्च भए नभएको तथा दिवा खाजाको मापदण्ड, गुणस्तर र व्यवस्थापनका सम्बन्धमा पालिकाबाट अनुगमन भएको पाइएन। पालिकाले अनुगमन निरीक्षण गरी कार्यक्रम कार्यान्वियनको प्रगति तथा तोकिएबमोजिमको मार्गदर्शन अनुसार खाजाको मापदण्ड, गुणस्तर लगायतका समग्र कार्यको बिल भरपाई संलग्न गरी प्रतिवेदन तयार गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५० **विपन्न नागरिक सहायता**

जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ मा स्वास्थ्य सेवाको पहुंच तथा सुनिश्चितता हुने व्यवस्था रहेको छ। नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको विपन्न नागरिक औषधि उपचार कोष निर्देशिका, २०७५ को दफा ३ मा विपन्न नागरिकलाई औषधि उपचार वापत आर्थिक सहायता दिने प्रवन्ध गरिएको तथा दफा ४ मा यस्तो सेवा लिने प्रक्रिया वारेमा उल्लेख छ।सोही मन्त्रालयबाट जारी भएको विपन्न नागरिक औषधिउपचार कार्यक्रम संचालन निर्देशिका, २०८० ले पनि विपन्न नागरिकलाई औषधि उपचार वापत सहायता दिने प्रक्रिया बारेमा विस्तृत उल्लेख गरिएको छ।नेपाल सरकारले यस्ता कार्यको लागि बजेट व्यवस्था गरेको देखिन्छ। सोही बमोजिम विपन्न नागरिक, असहाय तथा गरीब जस्ता लक्षित वर्गलाई निशुल्क उपचार वापतको आर्थिक सहायता वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष यस पालिकाबाट ३३ जनाको लागि रु.१४,७०,०००।- खर्च भएको देखिन्छ। यस्ता खर्चको पारदर्शिता र जवाफदेहिता प्रवर्द्धनको लागि यसरी सहायता प्राप्त गर्ने व्यक्तिको नाम, ठेगाना र उपचारको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५१ **बीस प्रतिशत लागत सहभागिता**

१४७।२०८२।३।२ गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुंदा नं. ४१ मा उद्यमीलाई प्रविधि हस्तान्तरण गर्दा प्रविधिको कुल रकममा कार्यालयले प्रविधि प्राप्त गर्ने उद्यमीबाट आपूर्तिकर्ताले कबोल गरेको कुल अंकको कम्तीमा २० प्रतिशत रकम जम्मा गर्न लगाई बढिमा ८० प्रतिशत रकम मात्र कार्यालयले आपूर्तिकर्तालाई भुक्तानी गर्नुपर्ने उल्लेख छ। पालिकाले लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सागर मौरीपालन उद्योगबाट रु.३,१२,१००।– को २९ सेट सेरेना मौरी गोलासहितको घार र २ सेट मौरीको घार खरिद गरी निम्नानुसार व्यसायीहरूलाई प्रविधि हस्तान्तरण गरेकोमा २० प्रतिशतले हुने रु.६२,४२०।- कट्टी गरी रु.२,४९,६८०।- भुक्तानी गरेकोले बढी भुक्तानी भएको रु.६२,४२०।- असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.

| भौ.नं. र मिति | प्रविधिको विवरण | उद्यमीको नाम | परिमाण | भुक्तानी भएको | २० प्रतिशत रकम |
|---|---|---|---|---|---|
| १४७।२०८२।३।२ | मौरीको घार | श्रीजंग मल्ला | १ | १०५०० | २१०० |
| | | सुमित्रा चन्द | १ | १०५०० | २१०० |
| | | हस्त बहादुर खान | १ | १०५०० | २१०० |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | दयाराम मल्ल | १ | १०५०० | २१०० |
| | | मिना माया मल्ल | १ | १०५०० | २१०० |
| | | सर्मिला मल्ल | १ | १०५०० | २१०० |
| | | वविना सारु | १ | १०५०० | २१०० |
| | | टेक बहादुर आले | १ | १०५०० | २१०० |
| | | धनमाया वाचे | २ | २१००० | ४२०० |
| | | विमला राना | १ | १०५०० | २१०० |
| | | करिस्मा खान | १ | १०५०० | २१०० |
| | | भोला मल्ल | २ | २१००० | ४२०० |
| | | हुम बहादुर सिं | १ | १०५०० | २१०० |
| | | बेलीमाया ठकुरी | १ | १०५०० | २१०० |
| | | खेम बहादुर मल्ल | १ | १०५०० | २१०० |
| | | लोक बहादुर शाही | १ | १०५०० | २१०० |
| | | मिन बहादुरा थापा | २ | २१००० | ४२०० |
| | | याममाया मल्ल | १ | १०५०० | २१०० |
| | | जोजिन्द्र सिं | १ | १०५०० | २१०० |
| | | अमन मल्ल | १ | १०५०० | २१०० |
| | | रुपेस राना | १ | १०५०० | २१०० |
| | | गौमती चन्द | २ | ७६०० | १५२० |
| | | मौरीपालक कृषक समूह | ५ | ५२५०० | १०५०० |
| | | | | जम्मा | ६२४२० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६२,४२० |

५२ **लघु उद्यम कार्यक्रम**

गरिबी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को बुँदा नं. ३९ मा तालिमबाट उत्पादित सामान वा वस्तुहरूको व्यवस्थित अभिलेख राखी त्यस्ता उत्पादनहरू परल मूल्यको पचास प्रतिशत छुट मूल्यमा सहभागीहरूलाई बिक्री गर्ने तथा यसरी बिक्री हुन नसकेमा सम्भव भएसम्म बिक्री वितरण वा प्रचार प्रसारको लागि कोसेली घर, सौगात गृह, बिक्री कक्ष वा प्रदर्शनी स्थलमा पठाउने र पठाउँदा पनि बिक्री नभएमा विवरण सहित कार्यालयमा बुझाई सात दिनभित्र स्टोर दाखिला गर्नुपर्ने व्यवस्था छ। यसरी बिक्री पश्चात प्राप्त रकम कार्यालयले तोकेको राजस्व खातामा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष सिलाई कटाई तालिम, ब्युटी पार्लर, केरा रेसाबाट हस्तकला सामग्री बनाउने लगायतका तालिम संचालन गरी रु.६,४५,७९१।- भुक्तानी गरेकोमा सिलाई कटाइ तालिमबाट राजस्व प्राप्त गरेपनि अन्य तालिमबाट के कति सामान वा वस्तुहरू

उत्पादन भए र सो बिक्री भए वा भएन यकिन गर्न सकिएन। सो यकिन गरी ती वस्तु तथा सामानहरू बिक्री गरी राजस्व खातामा दाखिला गर्नुपर्ने देखिन्छ।

| भौ.नं.। मिति | कार्यक्रम | विवरण | खर्च | कैफियत |
|---|---|---|---|---|
| १८३। २०८२। ३।२३ | हाउस वाइरिङ तालिम | ५ हप्ता ७ जना | २३८१४१ | तालिममा उत्पादित सामग्रीको जिन्सी दाखिला, बिक्री तथा आय आयर्जन सम्बन्धी अभिलेख नराखिएको |
| १८४। २०८२। ३।२३ | ड्राइभिङ सिकाइ | २५ जना १५ दिन | ३००००० | |
| १६५। २०८२। ३।१७ | मौरीपालन तालिम | २३ जना ३ दिन | १०७६५० | |
| | | जम्मा | ६४५७९१ | |

सैद्धान्तिक बेरुजु

५३ **प्रतिवेदन भत्ता**

अर्थ मन्त्रालयबाट जारी कार्य सञ्चालन निर्देशिका, २०८१ नवौंमा तालिम केन्द्रबाहेक अन्य निकायबाट सञ्चालित तालिमको प्रतिवेदकका लागि एकमुष्ट रु.१०००।– भत्ता दिने व्यवस्था छ। पालिकाले निम्नानुसार तालिममा प्रतिवेदन तयार गरे वापत रु.१०००।– भुक्तानी गर्नुपर्नेमा रु.३०००।– दरले भुक्तानी गरेको बढी भुक्तानी भएको रु.५१००।- असुल गर्नुपर्ने रु.

| भौ.नं.।मिति | कार्यक्रम | प्रतिवेदक | भुक्तानी रकम | हुनुपर्ने | बढी भुक्तानी (कर कट्टी पछि) |
|---|---|---|---|---|---|
| १६८।२०८२। ३।१७ | जीविकोपार्जन सुधार कार्यक्रम | संगीता ओझा | ३००० | १००० | १७०० |
| १८३।२०८२। ३।२३ | हाउस वाइरिङ्ग तालिम | कृष्णराज पन्त | ३००० | १००० | १७०० |
| १६५।२०८२। ३।१७ | मौरी पालन तालिम | सम्झना खत्री | ३००० | १००० | १७०० |
| | | जम्मा | | | ५१०० |

| असुल गर्नुपर्ने | ५,१०० |
|---|---|

५४ **राष्ट्रपति महिला उत्थान कार्यक्रम**

१६८।२०८२।३।१७ राष्ट्रपति महिला उत्थान जीविकोपार्जन सुधार कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ को दफा १७ मा पालिकाले कार्यक्रमको अनुगमन गर्नुपर्ने उल्लेख छ। राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत जीविकोपार्जन सुधार कार्यक्रम मार्फत मानव विकास सूचाङ्कमा पछाडि परेका विपन्न, एकल, द्वन्द्व पीडित

तथा कोभिड १९ पीडित महिलाहरूलाई बाख्रापालन चक्रवती सामाजिक उद्यमी महिला सहकारी संस्था लि. सँग सीप र क्षमता विकास सम्बन्धी तालिममा रु.१,००,०००।- र व्यवसाय सञ्चालन खर्च अनुदानवापत प्रति महिला रु.२६,०००।- को दरले २५ जना महिलालाई रु.६,५०,०००।- अनुदान उपलब्ध गराउने गरी सम्झौता गरेको छ। सहकारी संस्थाले सम्झौता बमोजिम रु.२६०००।- को दरले २५ जना महिलाहरूको बैङ्क खातामा रु.६,५०,०००।- अनुदान उपलब्ध गराएकोमा पालिकाले उक्त रकमको कार्यान्वयन र सदुपयोग सम्बन्धी अनुगमन गरेको छैन। अतः मापदण्ड बमोजिम अनुगमन गरी कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५५ **प्रधानमन्त्री स्वरोजगार**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरूको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ। यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा नाला निर्माण, बाटो मर्मत लगायतका कुलो निर्माण, बाँध निर्माण, बाटो मर्मत, सडक स्तरोन्नति लगायतका २८ योजना सञ्चालन गरी यस वर्ष ७९ जनालाई औसत ९२.५८ दिनले ७३१४ दिन रोजगारी उपलब्ध गराई रु.४३,९९,११४।- श्रमिक ज्याला खर्च गरेको छ। पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन। योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

५६ **वितरण भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गरी खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले भौ.नं. ७४।२०८१।११।२६ बाट प्रधानमन्त्री रोजगार कार्यक्रमको रोजगार आयोजनामा खटिएका लाभग्राहीहरूका लागि रु.१,८७,२३९।२१ को निम्नानुसार कार्यस्थल सुरक्षा सामग्रीहरू खरिद गरेकोमा १ देखि ४ वटा वडा कार्यालयमा एकमुष्ट हस्तान्तरण गरेको र वडा ५ को सामग्री वितरण नगरी जिन्सी शाखामा नै मौज्दात रहेकोले वडामा कार्यालय हस्तान्तरण भएको सामग्रीसमेत बाँकी रहेको सामग्री लाभग्राहीलाई बुझाएको भरपाई पेस गर्नुपर्ने रु.

| **क्र.सं.** | **सामानको नाम** | **परिमाण** | **रकम** |
|---|---|---|---|
| १ | लेन्थवर्कर ज्याकेट | २० | १८७२३९।२१ |
| २ | हेलमेट | ७५ | |
| ३ | बेल्चा | ५० | |
| ४ | सेफ्टी ग्लोव्स | ७५ | |
| ५ | गल १" | १० | |
| ६ | कराई | ५० | |
| ७ | गैटी २.५ | २० | |
| | | | |

| | | | | |
|---|---|---|---|---|
| ८ | गल १.५” | १० | | |
| ९ | हेमर १० पाउण्ड | १५ | | |
| १० | हेमर २ पाउण्ड | २० | | |
| ११ | हेमर ४ पाउण्ड | २० | | |
| १२ | रुक्सा ६*४ | १० | | |
| १३ | रुक्सा ८*६ | १० | | |
| १४ | गल १.२५ | १० | | |
| १५ | गमबुट | ८० | | |
| | | | प्रमाण पेश नगरेको | १,८७,२३९.२१ |

५७ **सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५ तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यवस्था छ। पालिकालाई सामाजिक सुरक्षा तथा संरक्षणतर्फको कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु.८,२२,८९,२३४।- प्राप्त भएकोमा सोही रकम खर्च जनाई आर्थिक विवरण पेस भएको छ।यस सम्बन्धमा देखिएका बेहोराहरू निम्नानुसार छन्:

५७.१ **निष्कृय खाताको विवरणः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २३(५) मा सामाजिक सुरक्षा भत्ता वितरण गर्न खाता सञ्चालन गर्ने बैँक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरू मध्ये निष्कृय खाताको विवरण प्रत्येक श्रावण महिनाभित्र सम्बन्धित स्थानीय तहका साथै सामाजिक सुरक्षा तथा पञ्जिकरण विभागलाई दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले इएफटीको मार्फत सम्बन्धित लाभग्राहीलाई सामाजिक सुरक्षा भत्ता वितरणको लागि प्रथम, दोस्रो, तेस्रो र चौथो त्रैमासिकमा निकासा दिएकोमा निकासा बराबर नै खर्च लेखेको पाईयो। पालिकाले गत आ.व. मा निष्कृय रहेको एकमुष्ट विवरण सम्बन्धित बैँकबाट प्राप्त गरेको छैन।कार्यविधि बमोजिम सामाजिक सुरक्षा भत्ता वितरण गर्ने बैँकहरूले निष्कृय खाताको विवरण तोकिएको समयावधिमा तयार गरी पालिकालाई उपलब्ध गराउने र पालिकाले पनि समयमा नै विवरण प्राप्त गर्ने तर्फ ध्यान दिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५७.२ **सार्वजनिक सुनुवाईः** पालिकाले सामाजिक सुरक्षा भत्ता कार्यविधि, २०७७ को परिच्छेद ७ मा भत्ता वितरणमा जवाफदेहिता र पारदर्शिता प्रवर्द्धन गर्न कार्यपालिकामा त्रैमासिक समिक्षा, लाभग्राहीको विवरण सार्वजनिक र सार्वजनिक सुनुवाई गरी एकिन गर्नुपर्नेमा गरेको छैन। साथै हटाउनु पर्ने लाभग्राहीको विवरण वडा कार्यालय, वडा अध्यक्ष र सदस्य, नागरिक समाज लगायतले सत्य तथ्य बुझि लगत कट्टा गर्नुपर्नेमा गरेको पाईएन। साथै व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न जनतालाई प्रोत्साहित गरी सामाजिक सुरक्षा भत्ता थप हुन सक्ने अवस्था एकिन गरी पालिकाले समयमै छानविन गरी लगत कट्टा गरी रकम फिर्ता गर्नुपर्दछ। लाभग्राही लगत अद्यावधिक गरी सोही आधारमा निकासा व्यवस्थापन गर्नु पर्दछ।

सैद्धान्तिक बेरुजु

५७.३

**बढी निकासाः** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा नं. २६ को उपदफा ३ अनुसार एक आर्थिक वर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैङ्कबाट अनुसूची-११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानविन गरी कुनै लाभग्राहीको मृत्यु भएको वा कुनै

कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा सम्बन्धित बैङ्कबाट लगत कट्टा हुने मितिसम्मको रकम सम्बन्धित लाभग्राहीलाई भुक्तानी गरी सो मितिभन्दा पछिको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी बाँकी रकम फिर्ता गरी संघीय कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ। पालिकाले मृत्यु भइसकेका केही लाभग्राहीको लगत कट्टा नगरी भत्ता खर्च लेखेको छ। पालिकाले मृत्यु भइसकेका केही लाभग्राहीको लगत कट्टा नगरी भत्ता खर्च लेखेको छ। पालिकाबाट पेस भएको लगतकट्टा विवरणलाई आधारमा मानी नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको लाभग्राहीहरूलाई पाउने रकम भन्दा बढी रु.१८,२८१।- रकम भुक्तानी भएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्ने देखिएको रु.

| क्र.सं. | परिचयपत्र नं. | नामथर | मृत्यु भएको मिति | निकासा रकम | पाउनुपर्ने रकम | फिर्ता गर्नुपर्ने रकम |
|---|---|---|---|---|---|---|
| १ | १९९००५०७०६०८५ | विवागुरुङ | १२/ १९/ २०८१ | ४०७७४ | ३४५३३ | ६२४१ |
| २ | १९९६०८१०००५४७ | रुपधाराराना | ०८/ ०६/ २०८१ | २११०३ | १६५३३ | ४५७० |
| ३ | २००६१२१७०३६३६ | कर्णबहादुर गर्जा मगर | ०९/ २४/ २०८१ | २४००० | २३२०० | ८०० |
| ४ | २००९०२१५११३४९ | तुलबहादुर गुरुङ | ०५/ ३१/ २०८१ | १२००० | ८००० | ४००० |
| ५ | १९८६१००३००६१४ | डम्बरबहादुर कुँवर | ०७/ १०/ २०८१ | १६००० | १३३३० | २६७० |
| | | | | | जम्मा | १८२८१ |

| असुल गर्नुपर्ने | १८,२८१ |
|---|---|

५८ **आन्तरिक लेखापरीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय तहले कानुन बमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनु पर्ने र ७७(३) मा आन्तरिक लेखापरीक्षणले औँल्याएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गराउनुपर्ने उल्लेख छ पालिकाले आन्तरिक लेखापरीक्षणबाट औँल्याइएका व्यहोराहरू अन्तिम लेखापरीक्षण अगावै फर्स्यौट गरी आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाउनुपर्दछ। आन्तरिक लेखापरीक्षकबाट पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन पेस भएकोमा निम्नानुसारका बेहोरा फर्स्यौट हुन बाँकी देखिएकोले तपसिल बमोजिम फर्स्यौट हुनुपर्ने गरी कायम गरिएको छ।

५८.१ असुल हुनुपर्नेः आन्तरिक लेखापरीक्षणबाट देखिएका असुल गर्नुपर्ने बेहोराहरू देहाय अनुसार रहेका छन्:

| गो.भौ. | स्रेस्ता परीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| २५२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ३ अनुसार सरकारी रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्न ] उल्लेख छ कार्यालयको गाडी मर्मत गर्दा गुडङु अटो मोटर ग्यारेजले पेस गरेको विल रु . १६१२५। - को भएको तर भुक्तानी रु . १६ , ८६८। – भएकोले बढी भुक्तानी भएको रु . ९८५ असुल गर्नुपर्ने रु . | ९८५ |

| | | |
|---|---|---|
| २९४ | जिओसफ्ट टेक्नोलोजीलाई एकीकृत सम्पत्ति कर र आयलेखा सफ्टवेयर जडान वापतको वार्षिक सेवा शुल्कको भुक्तानी गर्दा पेस भएका २ वटा सम्झौता अनुसार भुक्तानी रु . १ , ७९ , ४४४। - हुनुपर्नेमा रु . २ , १९ , ६२६.८० भुक्तानी भएकोले बढी भुक्तानी भएको रु . ४० , १८३। – असुल गर्नुपर्ने रु . | ४०१८३ |
| २९५ | पशु सम्वन्धि वाँझोपन निवारण, थुनिलो परीक्षण लगायतका कार्य गर्न विशेषज्ञ सेवावापतको पारिश्रमिक डा. शत्रुघन शाहलाई रु . १० , ०००। - दिने सम्झौता अनुसार भुक्तानी गर्दा लाग्ने पारिश्रमिक करकट्टी १५ प्रतिशतले रु . १५००। - हुनुपर्नेमा १०० मात्र कट्टी भएकोले बाँकी रु . १४००। – असुल गर्नुपर्ने रु . | १४०० |
| ३२१ | स्वास्थ्य संस्थाका लागि ल्यावका सामग्रीहरू खरिद पुर्व स्पेशिफिकेशन वनाउने र सो कार्य पश्चात प्राविधिक मूल्यांकन र चेकजाँच समेत गर्ने कार्यका लागि देवघाट गा.पा. र सविध शर्माबीच जम्मा रु . २० , ०००। - पारिश्रमिक दिने सम्झौता भएको तर भुक्तानी गर्दा पारिश्रमिक करकट्टी १५ प्रतिशत गर्दा रु . १७ , ०००। - भुक्तानी हुनुपर्नेमा रु . १९ , ८००। - भुक्तानी भएकोले बढी भुक्तानी भएको रु . २८००। – असुल गर्नुपर्ने रु . | २८०० |
| ७९ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा स्पष्ट प्रमाणको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ परामर्शकर्ता सन्देश दाहाललाई कार्यक्रमको उपस्थिति विना खाजा वापतको रु . १९ . ४२४। - रकम भुक्तानी भएको देखिएकाले भुक्तानीकर्तावाट उक्त रकम असुल उपर गर्नुपर्ने रु . | १९४२४ |
| १२८ | आयकर ऐन, २०५८ को दफा ८८ को उपदफा १ को प्रतिबन्धात्मक वाक्यांशको ५ मा भाडाको भुक्तानीमा १० प्रतिशत कर लाग्ने व्यवस्था रहेको छ। तारुक छेरङ्गा रोजगार उपभोक्ता समितिलाई भुक्तानी गर्दा तारुकखोला सिँचाई तथा छेरङ्गा सिढि निर्माण तथा स्ल्याव निर्माणको भुक्तानीका लागि पेस गरेका विल भरपाईमा रु . १ , ५६ , ९४० को भाडाको भरपाई रहेकोमा करकट्टी जम्मा रु . ५ , २९०। – भएकोले बाँकी रु . १० , ४००। – असुल गर्नुपर्ने रु . | १०४०० |
| १९२ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० उपनियम ४ मा निर्माण सामाग्रीको दरभाउ दररेट निर्धारण समितिले तोकेको दररेटका आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। तातो खोला ग्यावियन जाली निर्माणका लागि ३ X १ X १ को ग्यावियन वक्समा ढुगां भर्ने कार्य प्रति वक्स ११२९४.९८ हुनुपर्नेमा ११७०२.३५ राखी १० वटा वक्सको प्राविधिक मुल्यांकन अनुसार भुक्तानी भएको देखिन्छ | ४०८४ |
| १९२ | सार्वजनिक जग्गा संरक्षण कार्य देवघाट टोल विकास संस्थाले सम्पन्न गरेको प्राविधिक कार्यसम्पन्न प्रतिवेदन र मूल्यांकन अनुसार भुक्तानी हुनुपर्ने रु . ५ , ४७ , ३७५.१० भएकोमा रु . ५ , ५० , ५५७। - भूक्तानी भएकोले बढी भुक्तानी भएको रु . ३१८२। – असुल गर्नुपर्ने रु . | ३१८२ |
| २११ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० उपनियम ४ मा निर्माण सामाग्रीको दरभाउ दररेट निर्धारण समितिले तोकेको दररेटका आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। कोटा खानेपानी ट्याङकी निर्माण कार्य श्री कोटा क्युखुली खानेपानी तथा सरसफाई उपभोक्ता समितिले गरी प्राविधिक मुल्यांकन र कार्यसम्पन्न प्रतिवेदन पेस गर्दा जगको खाडलमा ढुगां भर्ने र लेभल गर्ने कार्यका लागि ६.५३ घनमिटरका लागि प्रतिघनमिटर दररेट रु . ३३३२.४० राखी रु . २१७६०.५७ भुक्तानी भएकोमा गाउँपालिकाको दररेट प्रतिघनमिटर रु . २१६९.४० रहेकोले वढी भुक्तानी गर्दा बढी भुक्तानी भएको रु . ७५९४। – असुल गर्नुपर्ने रु . | ७५९४ |

| | | |
|---|---|---|
| १३६ | आयकर ऐन २०५८ को दफा ८८ को उपदफा १ को प्रतिबन्धात्मक वाक्यांशको ५ मा भाडाको भुक्तानीमा १० प्रतिशत कर लाग्ने व्यवस्था रहेको छ। तालवारी सिम्लेख रोजगार उपभोक्ता समितिले तालवारी नाला निर्माण तथा सिम्लेक खानेपानी मर्मत कार्य गर्दाको भुक्तानीमा रु . ३४ , २००। - गाडी भाडाको भुक्तानीमा लाग्ने कर रु . ३४२०। - कट्टी नभएकोले असुल गर्नुपर्ने रु . | ३४२० |
| | जम्मा | ९३४७२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९३,४७२ |

५८.२ प्रमाण पेस गर्नुपर्नेः आन्तरिक लेखापरीक्षणबाट देखिएका प्रमाण गर्नुपर्ने बेहोराहरू देहाय अनुसार रहेका छन्:

| गो.भौ. | स्रेस्ता परीक्षणबाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १०० | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा स्पष्ट प्रमाणको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। कछार ग्रामिण कृषि मोटर मार्ग निर्माणका लागि घण्टाचुली टोल विकास संस्थालाई मुल्यांकन र कार्यसम्पन्न प्रतिवेदनमा आयोजना सूचना पार्टीको रकम रु . ३ , ०००। - राखी भुक्तानी गरिएको तर सूचना पार्टी निर्माणको विल पेस नभएकोले पेस गर्नुपर्ने रु . | ३००० |
| १३२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा स्पष्ट प्रमाणको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। ल्हुङग्रीङ सामुदायिक भवन नजिक सुन्तला मोटरमार्गमा रिटेनिङ्ग वाल निर्माण उपभोक्ता समितिलाई सम्बन्धित कार्यको भुक्तानी गर्दा मुल्यांकन र कार्यसम्पन्न प्रतिवेदन अनुसार रु . ५ , ९१ , ४१६.९५ भुक्तानी भएकोमा रु . ४ , २५ , ८५२.६० को विल भरपाई पेस भएकोले वाँकी रकम खर्चका विल भरपाई पेस गर्नुपर्ने रु . | १६५५६४ |
| १४२ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली ,२०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा स्पष्ट प्रमाणको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। विफिरेखोला खानेपानी मर्मत उपभोक्ता समितिले विफिरेखोला खानेपानी मर्मत योजनाको काम गरेकोमा प्राविधिक मुल्यांकन र कार्यसम्पन्न प्रतिवेदनअनुसार रु . २ , ३५ , ५००। - भुक्तानी भएको तर पेस भएको डोर हाजिरी फारम रु . ७३ , ५००। - मा श्रमिकको हस्ताक्षर नभएको साथै ढुवानी खर्च रु . ६०००। - को विल , भरपाई नभएकोले पेस गर्नुपर्ने रु . | ७९५०० |
| १४ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा स्पष्ट प्रमाणको आधारमा गर्नुपर्ने व्यवस्था रहेकोमा सागर मौरीपालन उद्योगवाट खरिद गरिएका ५ वटा मौरी घार गोलासहित र १० वटा मौरी घार खाली वितरण नभएकोले भरपाई पेस गर्नुपर्ने रु . | ९२५०० |
| १७ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा स्पष्ट प्रमाणको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। जिरो मिडिया प्रा.लि.लाई हिमालयन टाइम्समा छिपछिपे वजार व्यवस्थापन तथा वालकेश मा.वि.संरक्षण योजनाको सूचना प्रकाशन वापत भुक्तानी रु . ४७ , ४६०। - भएकोमा सक्कल बिल समावेश नभएकोले सोको प्रमाण पेस गर्नुपर्ने रु . | ४७४६० |
| | | ३८८०२४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,८८,०२४ |

५८.३ अनियमितः आन्तरिक लेखापरीक्षणबाट देखिएका अनियमित गर्नुपर्ने बेहोराहरू देहाय अनुसार रहेका छन्:

| गो.भौ. | स्रेस्ता परीक्षणवाट देखिएको व्यहोरा | रकम |
|---|---|---|
| १६३ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ३ अनुसार सरकारी रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नु पर्न ] उल्लेख छ। परामर्श सेवाका लागि मासिक पारिश्रमिक पाउने परामर्शदाता सन्देश दाहाललाई भ्रमण खर्च रु. ३९,०००। - भुक्तानी गर्दा पेस भएका दैनिक भ्रमण आदेश प्र.प्र.अ. वाट स्वीकृति नभएको र भुक्तानीका लागि पेस भएको निवेदनमा प्र.प्र.अ. ले तोकादेश नलगाई भुक्तानी भएको साथै दोहोरो सुविधा भुक्तानी भएको देखिएकोले अनियमित देखिएको रु . | ३९००० |
| ३०५ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२ को उपनियम १ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ विभिन्न सामुदायिक मा.वि.का छात्राछात्रका लागि वाककला प्रशिक्षण कार्यक्रम सञ्चालन गर्नका लागि लागत अनुमान तयार नगरी प्रस्ताव माग गर्ने प्रक्रिया अगाडि वढाई ईच्छाकामना व्राडकाष्टिङ्ग मिडिया प्रा.लि. लाई छनौट गरी कार्यक्रम सञ्चालन भएकोमा अनुगमन प्रतिवेदन विना रु. ४,८५,०००। - भुक्तानी भएको अनियमित देखिएको रु . | ४८५००० |
| १०५ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा स्पष्ट प्रमाणको आधारमा गर्नुपर्ने व्यवस्था रहेको छ। मधु कभर्ड हल निर्माणको वोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी सूचना इ हिमालय डट कम मा कार्यालयसँगको सम्झौता र कार्यादेश विना प्रकाशन गरी भुक्तानी भएको रकमका लागि आवश्यक सक्कल विल र भुक्तानीका लागि निवेदन र तोकादेश विना खर्च लेखिएको नियमसम्मत नदेखिएको रु . | ४७४६० |
| ११० | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम ३ अनुसार सरकारी रकम खर्च गर्दा अधिकार प्राप्त अधिकारीवाट स्वीकृत गराई खर्च गर्नुपर्नेमा प्रदिप कुमार बुढाथोकी आधारभुत अस्पतालको काम र तालिमको समन्वय गर्न स्वास्थ्य मन्त्रालय काठमाडौँ र स्वास्थ्य तालिम केन्द्र पोखरा जाँदाको भ्रमण आदेश प्र.प्र.अ वाट स्वीकृत नभएको र भुक्तानी मागको निवेदनमा प्रमुख प्रशासकीय अधिकृतको तोकादेश विना लेखा शाखाबाट सोझै रु. १४,१००। - को भौचर उठाई भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु . | १४१०० |
| | जम्मा | ५८५५६० |

| | |
|---|---|
| अनियमित भएको | ५,८५,५६० |

# अनुगमन लेखापरीक्षण

५९ अनुगमन तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजु सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजुसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । कार्यालयले २०८२ सम्मको बाँकी बेरुजु रु.१२,४९,१६,३३८।- मध्ये सम्परीक्षणका लागि म्यानुअल/नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली मार्फत अनुरोध गरेकोमा उक्त बेरुजु सम्परीक्षणको क्रममा रहेको छ। सम्परीक्षण सम्बन्धमा उक्त प्रणाली मार्फत जानकारी गराइनेछ ।

**(ख) अध्यावधिक बेरुजुको अवस्थाः** यस **देवघाट गाउँपालिका, तनहुँ** को २०८२ सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको सम्परीक्षण पनि उक्त प्रणालीबाट नै हुने भएकाले बाँकी बेरुजु सम्परीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु(B) | यो वर्ष कायम बेरुजु(C) | सम्परीक्षणबाट कायम बेरुजु(D) | अद्यावधिक बाँकी बेरुजु (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | १२४९१६३३८ | ३९१८९७३ | १५८१७०१४.२१ | ५०५३७०४ | १४१८६८०८३.२१ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : देवघाट गाउँपालिका, तनहुँ , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | गौरी प्रसाद आचार्य | २०८०-६-८ | २०८१-६-११ |
| कार्यालय प्रमुख | दिनेश सारु | २०८१-६-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | संजय शर्मा | २०८०-१-१४ | २०८१-६-११ |
| लेखा प्रमुख | शरद न्यौपाने | २०८०-११-२१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ४,२८३,३४८ | ३,६५७,८२३ | ६,६६९,४४३.२१ | ० | ० | १,२०६,४०० |
| | | | | **जम्मा बेरुजु रकम** | १५,८१७,०१४.२१ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ८६,९६३ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १०३८११९२१ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | २७७९२९५४९ | **चालु खर्च** | २९०३४११६९ |

| | | | |
|---|---|---|---|
| प्रदेश सरकारबाट अनुदान | १४३८४३३३ | पूँजीगत खर्च | ११५२५७१२२ |
| राजश्व बाँडफाँट | ७८३८३४३४ | वित्तीय/अन्य व्यवस्था | १३९७९४२६४ |
| आन्तरिक आय | १५१०२४८० | | |
| अन्य आय | १३७७०६१४७ | | |
| कुल आय | ५२३५०५९४३ | कुल खर्च | ५४५३९२५५५ |
| बाँकी मौज्दात | | ८१९२५३०९ | |

# अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| २ | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का व्यवस्थापन |
| ३ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| ४ | अमानत, उपभोक्ता समिति र गैरसरकारी संस्थाबाट कार्य गराउने। | उपभोक्ता समिति मार्फत कार्य |
| ५ | कण्टिन्जेन्सी खर्च | खर्च परीक्षण |
| ६ | तलब भत्ता तथा पारिश्रमिक खर्च (तलव, अन्य सुविधा, नियमित परामर्श र करार सेवा) | खर्च परीक्षण |
| ७ | तालिम र कार्यक्रम खर्च | खर्च परीक्षण |
| ८ | पदाधिकारी सुविधा | खर्च परीक्षण |
| ९ | कृषि तथा पशुतर्फ | खर्च परीक्षण |
| १० | शिक्षा तर्फ | शिक्षातर्फ |
| ११ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| १२ | संघ र प्रदेशबाट प्राप्त सशर्त लगायत अनुदान (अख्तियारी तथा अन्य कार्यक्रम) | खर्च परीक्षण |
| १३ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षातर्फ |
| १४ | विविध खर्च | लेखापरीक्षण र सम्परीक्षण |

## बेरूजु दफा ३.१ सँग सम्बन्धित विवरण - अनुसूची -३

| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| | | | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८२३८७४६६.३९ | ०.०० | ८२३८७४६६.३९ | ८०९६९०९२.१७ | ०.०० | ८०९६९०९२.१७ |
| १३००० | अनुदान | | २९२३१३८८२.०१ | ०.०० | २९२३१३८८२.०१ | ३०००२४९९४.४४ | ०.०० | ३०००२४९९४.४४ |
| १४००० | अन्य राजस्व | | १६६०५८२६.७५ | ०.०० | १६६०५८२६.७५ | २२०३४१६१.७९ | ०.०० | २२०३४१६१.७९ |
| १५००० | विविध प्राप्ति | | ४९८८३१.०० | ०.०० | ४९८८३१.०० | ०.०० | ०.०० | ०.०० |
| क | कुल जम्मा प्राप्ति | | ३९१८०६००६.१५ | | ३९१८०६००६.१५ | ४०३०२८२४८.४० | | ४०३०२८२४८.४० |
| ३ | चालु | | २९०६२३५८१.१७ | ०.०० | २९०६२३५८१.१७ | २९७३८२१५१.०५ | ०.०० | २९७३८२१५१.०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २१००० | पारिश्रमिक / सुविधा | | ५०६४७१०९.२९ | ०.०० | ५०६४७१०९.२९ | १८९८४७५४१.९७ | ०.०० | १८९८४७५४१.९७ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ७८६७४६८९.०१ | ०.०० | ७८६७४६८९.०१ | ६५४४६८११.४३ | ०.०० | ६५४४६८११.४३ |
| २५००० | सहायता (Subsidy) | | ४८४५७५.०० | ०.०० | ४८४५७५.०० | ७१३३३८०.२० | ०.०० | ७१३३३८०.२० |
| २६००० | अनुदान | | १५४०४५४३८.०० | ०.०० | १५४०४५४३८.०० | २१५५११४०.२० | ०.०० | २१५५११४०.२० |
| २७००० | सामाजिक सुरक्षा | | ४८९४२६९.८७ | ०.०० | ४८९४२६९.८७ | १०५०७८२९.३० | ०.०० | १०५०७८२९.३० |
| २८००० | अन्य खर्च | | १८७७५००.०० | ०.०० | १८७७५००.०० | २८९५४४७.९५ | ०.०० | २८९५४४७.९५ |
| ४ | पूंजीगत | | ११५२५७१२१.५४ | ०.०० | ११५२५७१२१.५४ | १४४७६६३५७.९५ | ०.०० | १४४७६६३५७.९५ |
| ३१११० | भवन तथा संरचना | | १६७६७९३९.७१ | ०.०० | १६७६७९३९.७१ | २५८७०४१९.०५ | ०.०० | २५८७०४१९.०५ |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | | ८४७०८१९.७७ | ०.०० | ८४७०८१९.७७ | ११६७५०८५.०० | ०.०० | ११६७५०८५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | ४१५७९७३.२२ | ०.०० | ४१५७९७३.२२ | ५०५२०६३.०० | ०.०० | ५०५२०६३.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ८१३९५५३४.१९ | ०.०० | ८१३९५५३४.१९ | ९६६०७१९६.६३ | ०.०० | ९६६०७१९६.६३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | ४४६४८५४.६५ | ०.०० | ४४६४८५४.६५ | १७८२३११.२७ | ०.०० | १७८२३११.२७ |
| ३११७० | पूँजीगत सुधार खर्च | | ०.०० | ०.०० | ०.०० | ३७७९२८३.०० | ०.०० | ३७७९२८३.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ४०५८८०७०२.७१ | | ४०५८८०७०२.७१ | ४४२१४८५०९.०० | | ४४२१४८५०९.०० |
| ग) | बचत /कमी (ग = क-ख ) | | -१४०७४६९६.५६ | | -१४०७४६९६.५६ | -३९१२०२६०.६० | | -३९१२०२६०.६० |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-) | | -१७५९५०५.४० | | -१७५९५०५.४० | १४१४९२९९.६९ | | १४१४९२९९.६९ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | -२२३२७.०० | | -२२३२७.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | -१५८३४२०१.९६ | | -१५८३४२०१.९६ | -२४९७०९६०.९१ | | -२४९७०९६०.९१ |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | ९८२८४२६६.७८ | | ९८२८४२६६.७८ | १२३२५५२२७.६९ | | १२३२५५२२७.६९ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | | ८२४५००६४.८२ | | ८२४५००६४.८२ | ९८२८४२६६.७८ | | ९८२८४२६६.७८ |